# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गुराँस गाउँपालिका
## दैलेख





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गुराँस गाउँपालिका

### दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गुराँस गाउँपालिका

### दैलेख

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. : ८३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
गुराँस गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियत सहितको राय**

हामीले गुराँस गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.१८ करोड ३६ लाख ६५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२ करोड ६ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ करोड ८४ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.६ करोड ५३ लाख ३२ हजार र पेश्की रु.२ करोड ९१ लाख ९० हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.२८ करोड ६५ लाख १ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४७ करोड १ लाख ६६ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# गुराँस गाउँपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | ३४३ | १८३६६५ | ० | ० | ० | ७० | ३४३ | १८३६६५ | २०६५७ | ६५३३२ | ६८४८६ | ० | ० | १३३८१८ | २९१९० |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुराँस गाउँपालिका दैलेख | २८६५०१ | ० | ० | २८६५०१ | ० | १८३६६५ | ४७०१६६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गुरास गाउँपालिका, दैलेख , गुराँस गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बम बहादुर के.सी. | २०७९-४-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | दिपक कुमार आचार्य | २०७७-११-९ | २०७८-११-१६ |
| कार्यालय प्रमुख | ललित कुमार थापा | २०७८-१२-९ | २०७९-४-१६ |
| लेखा प्रमुख | दिनेश दाहाल | २०७६-९-२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १८३,६६४,७५४.७७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३०,७५,५६८.१८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,३८,६२,५३० | **चालु खर्च** | ३९,८३,१६,८४५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,८४,५२,७०४.६ | **पूँजीगत खर्च** | २१,२२,९०,३६२ |
| **राजश्व बाँडफाँट** | ७,४०,८६,३३२.१ | **वित्तीय/अन्य व्यवस्था** | ९,९९,०१३.१८ |
| **आन्तरिक आय** | ५४,३१,४२४.०१ | | |
| **अन्य आय** | १४,४३,६८,३१८.०३ | | |
| **कुल आय** | ६३,६२,०१,३०८.७४ | **कुल खर्च** | ६१,१६,०६,२२०.१८ |
| **बाँकी मौज्दात** | | २,७६,७०,६५६.७४ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दुल्लु नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु दुल्लु कको उद्देश्य रहेको छ । पालिका अन्तर्गत ८ वडाका लागि ४४ सभा सदस्य रहेको छ ।कुल १६४.७९ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ३३ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणः**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **वित्तीय प्रतिवेदनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | **५७,७२,२६,८६३.१८** | **५३,०९,४९,५२४.१८** | | **५३,०९,४९,५२४.१८** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५४,६९,३२,०००.०० | ५०,१७,७५,१७४.१८ | ० | ५०,१७,७५,१७४.१८ | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | ११००० कर | ११ | ८,७५,८५,०००.०० | ७,७१,६२,०४६.२४ | ० | ७,७१,६२,०४६.२४ | | |
| | | | | १३००० अनुदान | | ४३,०८,०६,०००.०० | ४१,३३,४७,९४७.०० | ० | ४१,३३,४७,९४७.०० | | |
| | | | | संघीय सरकार | १२ | ३९,३१,८२,०००.०० | ३८,६०,२४,५३०.०० | ० | ३८,६०,२४,५३०.०० | | |
| | | | | प्रदेश सरकार | १२ | ३,७६,२४,०००.०० | २,७३,२३,४१७.०० | ० | २,७३,२३,४१७.०० | | |
| | | | | १४००० अन्य राजस्व | | २,८५,४१,०००.०० | १,१२,६५,१८०.९४ | ० | १,१२,६५,१८०.९४ | | |
| | | | | ख. अन्य प्राप्ति | | ३,०२,९४,८६३.१८ | २,९१,७४,३५०.०० | | २,९१,७४,३५०.०० | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | | ३,०२,९४,८६३.१८ | २,८७,१४,२९५.०० | ० | २,८७,१४,२९५.०० | | |
| | | | | धरौटी | | ० | ४,६०,०५५.०० | ० | ४,६०,०५५.०० | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | भुक्तानी (ग+घ) | | ५७,७२,२६,८६३.१८ | ४९,७५,९९,७९८.३६ | | ४९,७५,९९,७९८.३६ | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५४,६९,३२,०००.०० | ४७,३०,२१,४२०.७० | | ४७,३०,२१,४२०.७० | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १८,२९,७३,०००.०० | १७,८४,४६,४०८.६० | ० | १७,८४,४६,४०८.६० | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८,५१,७२,०००.०० | ७,४८,९८,१३६.३५ | ० | ७,४८,९८,१३६.३५ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | ४,०८,७१,०००.०० | ४,०८,६२,०५७.५० | ० | ४,०८,६२,०५७.५० | | |
| | | | | २६००० अनुदान | १८ | ० | ० | ० | ० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | १,२३,०८,०००.०० | १,१५,६८,६४१.८२ | ० | १,१५,६८,६४१.८२ | | |
| | | | | २८००० अन्य खर्च | १८ | ६,५०,०००.०० | ६,४४,०००.०० | ० | ६,४४,०००.०० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,४९,५८,०००.०० | १६,६६,०२,१७६.४३ | ० | १६,६६,०२,१७६.४३ | | |
| | | | | घ. अन्य भूक्तानी | | ३,०२,९४,८६३.१८ | २,४५,७८,३७७.६६ | | २,४५,७८,३७७.६६ | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कोषहरु | | ३,०२,९४,८६३.१८ | २,५८,४३,९५७.९९ | ० | २,५८,४३,९५७.९९ | | |
| | | | | धरौटी | | ० | ५,१०,०५५.०० | ० | ५,१०,०५५.०० | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | | |
| | | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१७,७५,६३५.३३) | | (१७,७५,६३५.३३) | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | | | ३,३३,४९,७२५.८२ | | ३,३३,४९,७२५.८२ | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,३८,९५८.१८ | | ६,३८,९५८.१८ | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | | | ३,३९,८८,६८४.०० | | ३,३९,८८,६८४.०० | | |
| | | | | बैंक तथा नगद बाकी | २४ | | ३,३९,८८,६८४.०० | | ३,३९,८८,६८४.०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.१ | | | **वित्तीय विवरणको यथार्थता** : पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले संघबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,३२,५३,१५२।-, गरिब सँग विश्वेश्वर कार्यक्रमको रु. ४,६४,०००।- एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२,५०,२०,०००।-, प्रदेश सरकारबाट प्राप्त मुख्य मन्त्री रोजगारकार्यक्रम रु.१,९८,४१,०००।-, आन्तरिक मामिला तथा कानून मन्त्रालयवाट उद्दार राहत तथा पुनर्स्थापना खर्च रु.४,५०,०००।- समेत रु.१३,९०,२८,१५२।– सुत्रमा समावेश गरी लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३.२ | | | **फरक हिसाब :** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको छ । बैक हिसाब मिलान गर्ने र सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैंक मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ | ६३८९५८.१८ | ५३०९४९५२४.१८ | ४९७५९९७९८.३६ | ३३९८८६८४. |
| एकीकृत आर्थिक विवरणअनुसार | ३०७५५६८.१८ | ६३६२०१३०८.८२ | ६११६०६२२०.२६ | २७६७०६५६.७४ |
| फरक | २४३६६१०. | १०५२५१७८४.६४ | ११४००६४२१.९ | ६३१८०२७.२६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.३ | | | **फरक जिम्मेवारी** : पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३०,७५,५६८।१८ मौज्दात रहेकोमा यो वर्ष सुत्र अनुसार रु.६,३८,९५८.१८ जिम्मेवारी सारेको छ भने एकिकृत विवरण अनुसार रु.३०,७५,५६८।१८ नै जिम्मेवारी सारेको देखिन्छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा सुत्रमा रु.२४,३६,६१०।- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.४ | | | **मौज्दात** : पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को स्रेस्ता अनुसार रु.३,३९,८८,६८४।०० मौज्दात देखिन्छ भने बैंक अनुसार रु.२,७५,७५,६५६।७४ मौज्दात मात्र देखिएकोले स्रेस्ता भन्दा घटी बैंक मौज्दात रु.६४,१३,०२७।२६ सम्वन्धमा पालिकाले हिसाब एकिन गरी प्रमाण पेश गर्नुपर्ने रु | ६,४१३,०२७.२६ |
| ३.५ | | | **कर दायित्व** : पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१७,७५,६३५।३३ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. | १,७७५,६३५.३३ |
| ३.६ | | | **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ: (तालिका तल) पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । | |

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| ग २.१ चालू खर्च खाता- विजोर वर्ष | १०३४०२७४.९३ | २२८२४८२७.६३ | -१२४८४५५२.७ |
| ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष | १४४७००६९.८८ | १३७६४६४.८८ | १३०९३६०५. |
| ग २.७ विविध खर्च खाता | ३५१६३३९.१९ | २२६९५२५.५७ | १२४६८१३.६ |
| ग ३.१ स्थानीय तह धरौटी खाता | ० | १०७३३८६. | -१०७३३८६. |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ३५००००० | १६२७४३७०.७६ | -१२७७४३७०.८ |
| जम्मा | ३१८२६६८४. | ४३८१८५७४.८ | ११९९१८९०.८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **शसर्त अनुदान फिर्ताः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु.९३,५८,७२९।२२ देखाएकोमा पालिकाले मिति २०७९।०६।११ मा फिर्ता गरेको भौचर पेश गरेको छ । खर्च नभई वचत रकम समयमा नै सम्बन्धित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी कार्यान्वयन गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची- १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमूखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्धेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आंशिक रुपमा प्रयोग गरेको छ । अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने देखियो ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।<br>• पालिकाले मर्मत सम्भार अभिलेखको लागि मर्मत सम्भार अभिलेख खाता तयार गरेको छैन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **बजेट सीमा निर्धारण समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण विषय, क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकामा उप-प्रमुख श्री दिपा कुमारी बि.सी.ले मिति २०७८।०३।१० गते रु.६३ करोड ९२ लाख ७७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९ | | | **गत वर्षको भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । त्यस्तै नियम ३९ को उपनियम १४ र १५ अनुसार दायित्व सृजना भई भुक्तानी दिन वाँकीको विवरणमा समावेश भएको स्वीकृत दरबन्दीको तलब, महङ्गी तथा स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घरभाडा, पोशाक, खाद्यन्न, औषधी उपचार, विरामी र बन्दीको सिधा, सेवा निवृत सुविधा तथा स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ती, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता वमोजिमको रकम खर्च भुक्तानी दिन वाँकी रहेमा चालु आर्थिक बर्षको सम्बन्धित बजेट सूचना प्रणालीमा प्रविष्ठी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित शीर्षक बाहेक विविध तथा मर्मत जस्ता खर्च गत बर्षको भुक्तानी दिन वाँकी जनाई कार्यापालिकाले निर्णय अनुसार खर्च लेखेको छ । भुक्तानी बाँकी देखाई खर्च गर्न नमिल्ने रु.७८,४६,३३६।- भुक्तानी गर्न निर्णय गर्ने र भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.२,५२,२६,०००।- भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. | २५,२२६,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**पटक पटक रकमान्तरः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समापत नभएसम्म र वजेट विनियोजन नभएको खर्च शिर्षकमा रकमान्तर गर्न नपाईने व्यवस्था छ ।पालिकाले २०७८।३।२९ मा पारित गरेको बजेट १ महिना नवित्दै पहिलो पटक रकमान्तर गरेको देखिन्छ । भने यस वर्ष पालिकाले ६ पटक गरि कुल रु. बजेट रकमान्तर गरेको देखिन्छ । प्रचलित कानून परिपालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई वजेट तथा कार्यक्रम वास्तविक र यथार्थ बनाई रकमान्तर गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

<table>
<tr><th>सि नं</th><th>कार्यपालिका वैठक संख्या</th><th>वैठक मिति</th><th>रकमान्तर भएको रकम</th></tr>
<tr><td></td><td>८१</td><td>२०७८।४।२९</td><td></td></tr>
<tr><td>१</td><td>८३</td><td>२०७८।६।११</td><td>१११७६०७५।००</td></tr>
<tr><td>२</td><td>८६</td><td>२०७८।९।८</td><td>१३५३६१४८।६५</td></tr>
<tr><td>३</td><td>२</td><td>२०७९।३।८</td><td>१००००००० ।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३४७१२२२३।६५</td></tr>
</table>

:

**रकमान्तर :** समानीकरण अनुदान रकम पूँजीगत खर्च शिर्षकमा मात्र खर्च गर्नुपर्दछ । कार्यपालिकाको बैठक नं ८६ मिति २०७८ पौष २८ को निर्णय नं ७ वमोजिम ३९ पूँजीगत योजनाको रु.१,३५,३७,१४८।६५ रकमान्तर गरी चालु खर्च शीर्षकमा खर्च गरेको देखिन्छ । समानीकरण अनुदानमा बार्षिक बजेट तयार गर्दा पूँजीगत शीर्षकमा छुट्याईएको रकम चालु खर्च शीर्षकमा रकमान्तर गरी खर्च गरेको नियम सम्मत देखिदैन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **समानिकरण अनुदानवाट चालु खर्चः**<br>चालु खर्च आन्तरिक आम्दानी तथा राजस्व वाडफाँडवाट खर्च लेख्नुपर्दछ । पालिकाको राजस्व वाँडफाँडबाट रु.७,५२,१६,०००।- तथा आन्तरिक राजस्व रु.५४,३१,४२४।०१ तथा गत वर्षको मौज्दात रु.३०,७५,५६८।१८ गरी कुल रु.८,३७,२२,९९२।- आम्दानी गरेकोमा चालु खर्च रु.९,१९,९३,०००।- भएको देखिएकोले वाँकी समानिकरणवाट खर्च भएको रु.८२,७०,००८।- नियमसम्मत देखिदैन । | |
| १२ | | | **त्रैमासिक खर्चः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची ५बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| शिर्षक | जम्मा खर्च | त्रैमासिकखर्च ( रु हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथौ | असारको खर्च |
| चालु | ३९८३१७ | ९५०५६ | ११५१६ | १२७७९२ | १६३९५४ | १२३९३९ |
| पूजीगत | २१२२९० | १६५५८ | २७२०५ | १७५०२ | १५१०२५ | १०४९८७ |
| जम्मा | ६१०६०७ | १११६१४ | ३८७२१ | १४५२९४ | ३१४९७९ | २२८९२६ |
| खर्चप्रतिशत | | १८.२८ | ६.३४ | २३.८० | ५१.५८ | ३७.४९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.६१ करोड ६ लाख ७ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा १८.२८ प्रतिशत, दोश्रो त्रैमासिकमा ६.३४ प्रतिशत, तेस्रो त्रैमासिकमा २३.८० र तेश्रो चौथो त्रैमासिकमा ५१.५८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२२ करोड ८९ लाख २६ हजार अर्थात ३७.४९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table><tr><td>क्र.स</td><td>क्षेत्र</td><td>बजेट</td><td>खर्च</td><td>खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा</td></tr><tr><td>१</td><td>आर्थिक विकास</td><td>४५६५००००</td><td>३८८५६६०५</td><td>६.३५%</td></tr><tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१४५७३१०००</td><td>११७०८०६१२</td><td>१९.१५%</td></tr><tr><td>३</td><td>सामाजिक विकास</td><td>४०१९३०१५२</td><td>३७२७५२६६७</td><td>६०.९६%</td></tr><tr><td>४</td><td>बातावरण तथा विकास</td><td>१००००००</td><td>२८१४५०</td><td>०.०५%</td></tr><tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>३८५४०००</td><td>२२९७५८३</td><td>०.३६%</td></tr><tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>८८३३५०००</td><td>८०३९०६४६</td><td>१३.१५%</td></tr><tr><td colspan="2">जम्मा</td><td>६८६५००१५२</td><td>६११४५९५६३</td><td></td></tr></table><br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६०.९६ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.०५ प्रतिशत रहेको छ । दीर्घकालीन उपलव्धिमा जोड दिई क्षेत्रगत वजेट व्यवस्थापन मार्फत पालिकाको लगानी अभिबृद्धिमा जोड दिनुपर्दछ । | |
| १४ | | | **खर्च बिश्लेषणः**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.५४,३१,४२४।०१ राजस्व बाँडफाँड रु.७,४०,८६,३३२।१० र अनुदानबाट रु.५५,६६,८३,५५३।१० समेत रु.६३,६२,०१,३०९।२१ आम्दानी भएकोमा चालु तर्फ रु.३९,८३,१६,८४५।- र पूँजिगत तर्फ रु.२१,२२,९०,३६२।- समेत रु.६१,१६,०६,२२०।१८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.३२,०५,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ५९.०१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.१२ प्रतिशत चालु र ३४.८७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br>पालिकाले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख तथा कार्यान्वियन गर्ने प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । पालिकाको कार्यप्रगति निम्नअनुसार देखिन्छ ।
<table>
<tr><td rowspan="2">कार्यक्रम/योजना</td><td rowspan="2">कुल कार्यक्रम</td><td colspan="3">वार्षिक प्रगति स्थिती</td></tr>
<tr><td>शून्य प्रगती</td><td>२५%सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>१२४</td><td>०</td><td>४</td><td>१२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३९ जना मात्र पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कर्मचारी करारः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.३,१५,००,०००।- खर्च लेखेको छ । सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेकको विभिन्न पदमा ४१ जना करार नियुक्ती गरी बर्षभरीमा रु.१,१३,८४,८८०।- भुक्तानी गरेको अनियमित रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१७.१</td><td>गुरास गाउँपालिका, दैलेख</td><td>१,१३,८४,८८०</td></tr>
</table></td><td>११,३८४,८८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **दीर्घकालिन योजनाः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नोअधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरका विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय र प्रदेश सरकारको नीति लक्ष्य उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धितलाई ध्यान दिई आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान दिन स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुनेगरी आवधिक, वार्षिक रणनीतिगत विषयमा मध्यकालिन तथा दीर्घकालीन विकास योजना वनाएको छैन । पालिकाले अपेक्षित उपलब्धी हुनेगरी वार्षिक, मध्यकालीन एवं दीर्घकालीन योजना बनाई सोसँग सामञ्जस्यता हुनेगरी बजेट कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १९ | | | **योजनाको प्राथमिकीकरणः**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्नेमा पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल १२४ योजनामा वजेट विनियोजन गरेको छ। | | | |

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३६ | ४ | १४ | १८ |
| २. | वडास्तरीय | ८८ | | १७ | ७१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्म दर्ता | ८३५ |
| मृत्यू दर्ता | ११८ |
| बसाईसराई दर्ता | ११२ |
| विवाह दर्ता | २९६ |
| सम्बन्ध विच्छेद दर्ता | १ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | |
| ग्राभेल सडक मर्मत | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । व्यवस्थित पालिका एवं शहरीकरणका लागि घरनक्सा दर्तालाई प्राथमिकरण गरी सुरक्षित आवास व्यवस्थापन तथा पूर्वाधार निर्माणमा पालिकाको सेवा प्रवाहमा सुधार गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **कानून र सञ्चालन स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ३ वटा नियमावली, १५ कार्यविधि लगायत ३४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| २२ | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार यो बर्ष ७ विवाद दर्ता भएकोमा सबै फछ्र्यौट भएको विवरण पेश भएको छ । | |
| २३ | | | **अनुदानको अनुगमनः**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउ पूँजी तथा अनुदानमा मा समेत अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २४ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २१ करोड २२ लाख ९० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कबेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २६ | | | **नगद, जिन्सी दाखिला र लेखाः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने तथा उपदफा (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न/गराउन सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार कुनैपनि वडाले समयमा राजस्व रकम दाखिला गर्ने गरेको नदेखिएकोले त्यँहा पालिकाबाटै ढिला दाखिलाका कारण पहिचान गरी ढीला दाखिला भएको रजस्वमा दश प्रतिशत जरिबाना असुल गर्नुपर्दछ । | |
| २७ | | | **पाठ्यपुस्तकः**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहिलोपटकमा विद्यार्थी संख्याको आधारमा ७५% पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने थप २५% अनुदान दिने व्यवस्था छ । पालिकाले २०७८।१२।२९ मा पालिका अन्तर्गतका विद्यालयलाई ७५ प्रतिशत रु.३२,०२,०८९।- र २०७९।०३।२१ मा २५% रु. ९,०५,७३७।- पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । विद्यार्थीको वास्तविक संख्या यकिन नगरी तथा पाठ्यपुस्तक खरिद तथा भरपाई गरेको कागजात संलग्न नगरी २५% रकम निकासा गरेकोले उक्त रकम पाठ्यपुस्तकमा नै खर्च भएको भन्ने यकिन गर्न सकिएन । पालिकाले विद्यालयको अनुगमन गरी निकासा भएको रकम र खरिद पुस्तक भरपाई अधावधिक गरी खरिद भन्दा बढी निकासा रकम पालिकाबाट असुल गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको तह | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | बालविकास | ४२ | ४२ | ४२ | ८१२ |
| २ | प्राथमिक | १५० | १५० | ७५ | ३१४७ |
| ३ | निम्नमाध्यामिक | ४१ | ४१ | १४ | १९४३ |
| ४ | माध्यमिक | २८ | २८ | २१ | ११९९ |
| ५ | उमावि तथा प्रशिक्षक | १२ | १२ | १२ | ८६६ |
| | जम्मा | २७५ | २७५ | १२५ | १३७८३ |

प्रचलित शिक्षा ऐन, नियमावली अनुसार विद्यार्थी, शिक्षक अनुपात अनुसार दरबन्दी मिलान गरी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **बिद्यार्थी छात्रवृत्तिः**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप ४।२ मा कक्षा १-८ का गैर आवासीय छात्रा तथा दलित विद्यार्थीलाई रु. ४००।०० छात्रवृत्ति उपलब्ध गराउन सकिने उल्लेख छ । पालिकाले विभिन्न विद्यालयमा छात्रवृत्ति वापत रु. १३,२४,४००।- निकासा गरेको छ । विद्यालयबाट प्राप्त छात्रवृत्ति इएमआईयस डाटाको आधारमा छात्रवृत्ति वितरण भएको जनाएतापनि दुई विद्यालयबाट प्राप्त वितरण भरपाई नमुना परीक्षण गर्दा निकासा भन्दा कम छात्रवृत्ती वितरण गरेको देखियो । बाँकी विद्यालय सम्बन्धमा पालिकाबाटै वितरण भरपाई र निकासा रकम भिडान गरी वढी निकासा भएको रकम फिर्ता गर्नुपर्दछ । निकासा भएको रकम भन्दा कम भरपाई पेश भएकोले बाँकी रकम सम्बन्धित विद्यालयबाट असूल गर्नुपर्ने रु. | २४,४०० |

| क्र. सं. | व्यहोरा | निकासा | भरपाई | असूल |
|---|---|---|---|---|
| १ | लक्ष्मी मा वि रातिखोला | ४२४०० | ३३६०० | ८८०० |
| २ | शारदा आ वि खड्कावाडा | ७६८०० | ६१२०० | १५६०० |
| | जम्मा | ११९२०० | ९४८०० | २४४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td>६५</td><td>२०७८-१२-२०</td><td>शिक्षक अनुदानः<br>कार्यक्रम कार्यान्वियन पुस्तिकाको २.५.१३ मा आधारभुत तह कक्षा ६देखि ८ मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत कुनै पनि दरबन्दी प्राप्त नगरेका निम्नमाध्यमिक विद्यालयलाई अङ्ग्रेजी, गणित र विज्ञान शिक्षक व्यवस्थापनको लागि मासिक रु.२८,२००।- को दरले १२ महिनाको रकम अनुदान दिने उल्लेख छ। पालिकाले निम्न अनुसार विद्यालयमा गणित, अङ्ग्रेजी तथा सामाजिक विषय शिक्षक नियुक्त गरी निम्न अनुसार अनुदान उपलब्ध गराएको भौचर नं ६५। ०७८।१२।२० र १३१।०७९।०३।२१ साथ संलग्न स्रेस्ताबाट देखिन्छ । सामाजिक विषय शिक्षक नियुक्त गर्न अनुदान दिने व्यवस्था कार्यान्वायन पुस्तिकामा देखिदैन । साथै निम्न मितिमा शिक्षक नियुक्त गरी वढी अनुदान निकासा गरेकोले उक्त रकम सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>क्र सं</td><td>विद्यालयको नाम</td><td>शिक्षकको नाम</td><td>विषय</td><td>नियुक्ति मिति</td><td>निकासा रकम</td><td>निकासा हुनुपर्ने</td><td>वढी निकासा</td></tr>
<tr><td>१</td><td>शारदा आ वि खड्कावाडा</td><td>पूर्ण वहादुर खड्का</td><td>सामाजिक</td><td>२०७८।०९।१२</td><td>३०७३७४</td><td>०</td><td>३०७३७४</td></tr>
<tr><td>२</td><td>लक्ष्मी आ वि झुझ</td><td>बम ब खड्का</td><td>गणित</td><td>२०७८।०९।१३</td><td rowspan="2">५९८१३०</td><td>१८६१२०</td><td rowspan="2">४१२०१०</td></tr>
<tr><td>३</td><td>लक्ष्मी आ वि झुझ</td><td>धन सिँह खड्का</td><td>सामाजिक</td><td>२०७८।०९।१८</td><td>०</td></tr>
<tr><td>४</td><td>बाल कल्याण आ वि चिसापानी</td><td>लालु केसी</td><td>अङ्ग्रेजी</td><td>२०७८।०९।१६</td><td>३०३५९५</td><td>१८३३००</td><td>१२०२९५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>८३९६७९</td></tr>
</table></td><td>८३९,६७९</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>करार शिक्षकको तलब भत्ताः<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले शिक्षक तथा प्रशिक्षक व्यवस्थापन सम्बन्धी ऐन, २०७८ तथा शिक्षक तथा प्रशिक्षक व्यवस्थापन कार्यविधि, २०७८ निर्माण गरेको भएतापनि ऐन गाँउसभाबाट स्वीकृत भएको तथा राजपत्रमा समेत प्रकाशन गरेको देखिदैन । पालिकाले आफ्नो आन्तरिक स्रोतले नपुग्ने अवस्थामा शिक्षकलाई समानिकरण अनुदानबाट तलब भत्ता भुक्तानी गर्न मिल्ने देखिदैन । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई समानिकरण अनुदानबाट रु.१,६४,६७,१००।- तलब भत्ता भुक्तानी गरेको अनियमित रु.</td><td>१६,४६७,१००</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>दिवा खाजाः<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २००७८।०७९) मा विद्यालयगत तथ्याङ्कआधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रतिविद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाईअनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई</td><td>६५,६६९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कका आधारमा कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत रु.८१ लाख ७१ हजार निकासा गरेको छ । साथै पालिका अन्तर्गतको एक विद्यालयको स्थलगत अनुमगमन गरी हाजिरी रेकर्ड हेर्दा निकासा गरेको दिवाखाजाको रकम भन्दा कम संख्यामा विद्यार्थी हाजिरी भेटिएको छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन नगरको, दैनिक हाजिरी तथा खर्चको विल भरपाई मिल्ने गरेको छैन। अतः गाउँपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गरी निकास दिनुपर्दछ । विद्यालयलाई बढी निकासा भएको रकम र खर्च सम्बन्धममा पालिकाबाटै छानविन गरी असुल हुनुपर्दछ । निम्न विद्यालयको हाजिरी तथा निकासा खर्चको नमुना परीक्षण निम्न बमोजिम न्युन संख्यामा विद्यार्थी हाजिरी तथा कम खर्च भेटिएकोले वढी निकासा भएको दिवाखाजाको रकम असूल गरी संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु. | |

| क्र सं | विद्यालयको नाम | निकासा विवरण | खर्च विवरण | असूल गर्नुपर्ने रु |
|---|---|---|---|---|
| १ | ने.रा.मा.वि.वगैरा चौर गुरास ६ पिलाडी | १३७७६५ | १३२२३५ | ५५३० |
| २ | ने.रा.प्रा.वि. गुरास ३ दमार | १४६५२० | ११६०२६ | ३०४९४ |
| ३ | भैरव प्रा वि लम्चुडी | कक्षा १ मा मंसिर महिनामा ५०० ECD फागुन महिना ५६७ र चैत्र महिना ५४० विधार्थीको लागि रु १५ का दरले निकासा जम्मा रु २४१०५ | उक्त महिनामा हाजिरी<br>कक्षा १ मंसिर २५७, ECD फागुन महिना २९० र चैत्र महिना २६० को लागि जम्मा खर्च रु १३६०५ | १०५०० |
| ४ | वुद्ध प्रा वि गुरास ४ दोबाटो | निकासा रु ७३२५० | हाजिरी अनुसार खर्च रु ७१२९५ | १९५५ |
| ५ | आदर्श प्रा वि पिलाडी | निकासा रु १६७४०० | खर्च रु १५२३७० | १५०३० |
| ६ | सरस्वती मा वि | कक्षा १ | कक्षा १ | २१६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | चाल्स गुरास | फागुन-२३०<br>चैत्र २५०<br>बैशाख ३६<br>कक्षा २<br>फागुन २३४<br>चैत्र २५७<br>वैशाख ४८<br>जम्मा १०५५<br>खर्च १५८२५ | फागुन-२०१<br>चैत्र २२५<br>बैशाख ३०<br>कक्षा २<br>फागुन १८७<br>चैत्र २२०<br>वैशाख ४८<br>जम्मा ९११<br>खर्च १३६६५ | | |
| | | | | जम्मा असूल गर्नुपर्ने रु | | | ६५६६९ | |
| ३३ | | | **फिल्ड भत्ताः**<br>पालिकाले ईन्जिनियरिङ्ग सेवाका ईन्जिनियर, सव ओभरसियर र असिस्टेण्ट सव ओभरसियरलाई क्रमश रु.१३, १० र ८ हजारका दरले प्रोतसाहन भत्ता दिने निर्णयानुसार खर्च लेखेकोमा सब ओभरसियर सूर्य कुमार नेपालीलाई मासिक रु.१३ हजार भुक्तानी गरेको छ । आर्थिक वर्ष २०७७।७८ को ५ महिना र २०७८।७९ को १२ महिना गरी जम्मा १७ महिना रु.३,०००।- का दरले रु. ५१,०००।- बढी भुक्तानी गरेकोले असुल हुनुपर्ने रु. | | | | | ५१,००० |
| ३४ | | | **महिला स्वयं सेविका प्रोत्साहनः**<br>पालिकाले महिला स्वयममसेविका प्रोत्साहनको सम्बन्धमा कुनै पनि कार्यविधि तथा कानुन निर्माण नगरी ७९ जना महिला स्वयमसेविकालाई ६,०७५।- का दरले रु.४,७३,८५०।- खाजा खर्च वित्तीय समानीकरणबाट वितरण गरेको छ । कानुन तथा वार्षिक बजेटमा उल्लेखित व्यवस्था बेगर भत्ता वितरण गर्दा पालिकालाई थप व्ययभार सिर्जना भएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td>६१</td><td>२०७८-१२-४</td><td>प्रजनन स्वास्थ्य कार्यक्रमः<br>परिवार नियोजन किशोर किशोरी प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत सीता कुमारी मल्लले कार्यक्रम संचालन गरी मिति २०७८।०८।०१ मा लगेको रु.६,५०,०००।- को पेश्की फछ्र्यौट गर्दा रु.४,५५,५९५।- फिर्ता गरी रु.१,९१,१०५।- को बिल भरपाई पेश गरी पेश्की फछ्र्यौट गराएकोमा निम्न बमोजिम रु.९,२३३।- सम्बन्धितबाट असुल गर्नुपर्ने रु<br><table><tr><td>विवरण</td><td>रकम</td></tr><tr><td>जोड जम्मा फरक परेको वढी रकम</td><td>३३००</td></tr><tr><td>कर दाखिला नगरेको (पारिश्रमिक तथा अग्रीम)</td><td>५९३३</td></tr><tr><td>जम्मा</td><td>९२३३</td></tr></table></td><td>९,२३३</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>छोरी बचत खाताः<br>सामाजिक विकास मन्त्रालयले २०७६/७७ देखि प्रत्येक जन्मिएको छोरीको नाममा पलिकाको सिफारिसमा तोकिएको वैकमा खाता खोली प्रतिमहिना पाँचसयका दरले नगद जम्मा गर्ने नीति कार्यान्वियन गरेको छ । पालिकाले यसवर्ष रु.१९,०५,५००।- कुल ३४५ जनाको खातामा जम्मा गरेको छ। वजेट अभावका कारण बाँकीको खातामा रकम जम्मा गर्न सकेको छैन । साथै खाता खोलेका छोरीहरुको अभिलेख तथा लगानी रकम समेत उत्पादक देखिदैन । दीर्घकालीन भारपर्ने नीति कार्यन्वयन ल्याउनु अगाडि असर एवं प्रभाव विश्लेषण नगरेको कारण हरेक वर्ष दायित्व बढ्दै जाने तर बजेट अपर्याप्त रहने देखिएबाट उक्त कार्यक्रमको उपयुक्त विकल्पको पहिचान गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३७</td><td>१५३</td><td>२०७९-१-७</td><td>स्वास्थ्य विमाः<br>कार्यालयको जोखिमपुर्ण कामकाजको सिलसिलामा खटिएको कर्मचारीलाई सामुहिक दुर्घटना वीमा गर्नुपर्दछ । पालिकाले विभिन्न कार्यदलमा आवद्ध कर्मचारीहरुको पारिवारिक स्वास्थ्य वीमाको लागि रु.३,५००।- दरले वडा सचिवको नाममा पेश्की भुक्तानी गरी कार्यदलका सदस्यको स्वास्थ्य वीमा गरेको नियमसम्मत नभएकोले निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने रु.</td><td>५३२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३८ | | | **जीवन सुरक्षा कोषः**<br>पालिकाले जीवन सुरक्षा कोष संचालन कार्यविधि, २०७४ बमोजिम कोष निर्माण गरी सञ्चालन गरेको छ । सोसेकसंगँको साझेदारीमा जोखिममा रहेका ४० जना वालवालिकाको प्रतिवर्ष पालिका र सोसेकले क्रमश रु.१५ र १० हजाका दरले तथा अन्य २५२ बालवालिकाको हकमा पालिकाले रु.१० हजार र अविभावकले रकम जम्मा गर्ने गरी विभिन्न सहकारी संस्थामा कोष खडा गरी रु.३१,२०,०००।- गरेको छ । दीर्घकालीन भारपर्ने नीति कार्यान्वयन ल्याउनु अगाडि असर एवं प्रभाव विश्लेषण नगरेको कारण हरेक वर्ष दायित्व बढ्दै जाने देखिनुका साथै वित्तीय समानीकरणबाट पुँजीगत कार्यमा खर्च गर्नु पर्नेमा थप दायित्व सिर्जना गरेको अनियमित रु. | ३,१२०,००० |
| ३९ | | | **करार स्वास्थ्यः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका स्वास्थ्यको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले आफ्नो आन्तरिक स्रोतले नपुग्ने अवस्थामा स्वास्थ्य सेवाका करार कर्मचारी नियुक्त गरी समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गर्न मिल्ने देखिदैन । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका समानीकरण अनुदानवाट रु.१४,२५,०००।- तलब भत्ता भुक्तानी गरेको अनियमित रु. | १,४२५,००० |
| ४० | | | **कोभिड १९ प्रभावितलाई नगद हस्तान्तरणः**<br>कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ३(१) मा नगद प्राप्त गर्ने लाभग्राही तथा ३(२) मा कस्ता परिवारलाई नगद हस्तान्तरण गर्न नहुने भन्ने बारे व्यवस्था गरिएको छ । पालिकाले दफा ३(२) बमोजिम सरकारी सेवामा स्थायी वा करारमा रोजगार गरे नगरेको, सामाजिक सुरक्षा तथा पेन्सन लिए नलिएको, संचित आयबाट आफ्नो आवश्यकता पुरा गर्न सक्ने नसक्ने तथा प्रधानमन्त्री रोजगार, प्रदेश सरकार वा स्थानीय तहबाट यस प्रयोजनको लागि नगद प्राप्त गरे नगरेको यकिन नगरी कोभिड १९ प्रभावित भनि ४७३ जना लाभग्राहीलाई वडा सचिवलाई पेश्की दिई रु.१०,०००।- को दरले जम्मा रु.४७,३०,००० ।-रकम भरपाई गराई नगद भुक्तानी गरेको छ । पालिकाले यस्ता राहत वितरण गर्दा वास्तविक लक्षित परिवार समुहलाई मात्र पहुच हुने गरी कार्यविधिको पूर्ण पालना गरी कार्यक्रम संचालन गर्नुपर्दछ । | |
| ४१ | ८६ | २०७८-९-१९ | **साझेदारी कार्यक्रमः**<br>पालिका, ग्रीन ईलम हेल्भेटास र नेपाल कृषि विकास फार्म प्रा.ली. बीच भएको त्रिपक्षीय सम्झौता अनुसार आलुको वीउ उत्पादन, टिमुरको व्यवसायीक खेती र क्षमता अभिवृद्धि गर्नको लागि कुल लागत रु.४८,५५,४५०।- मध्ये नेपाल कृषि विकास फार्मले रु.१७,७२,५००।- , गाउँपालिकाले रु. १५ लाख तथा हेल्भेटास नेपालले रु.१८,७८,१७०।- व्यहोर्ने उल्लेख छ । पालिकाले व्यहोर्ने खर्च मध्ये वायोग्यास बनाउने मेसिन खरिद रु.१ लाख, वायोग्यास गुणस्तर मापन यन्त्र खरिदमा रु.१ लाख , टिमुरको विरुवा खरिदमा रु.६ लाख तथा आलुको दाना पूर्व मुलवीउ खरिदमा रु.६ लाख तथा अध्ययन अनुसन्धानमा रु.१ लाख भुक्तानी गर्नुपर्ने उल्लेख छ । सम्झौतामा भुक्तानी के कसरी गर्ने सम्वन्धमा उल्लेख भएको नदेखिएकोले लागत अनुसार सम्पूर्ण कार्य भएको प्रमाण पेश भए पश्चात मात्र भुक्तानी गर्नुपर्नेमा पालिकाले टिमुर र आलुको वीउ खरिद गरी बिल पेस गरेको आधारमा भुक्तानी गरेको छ । पालिकाले व्यहोर्ने आइटमको विल मात्र पेश हुदाँ वाँकी काम नहुने सम्भावना देखिएकोले सम्झौता वमोजिम सम्पूर्ण कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्ने अन्यथा भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ९२२,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **आलुको बीउ खरिदः**<br>गाउँपालिका र नेपाल कृषि विकास फर्म प्रा.ली.घोडावास बिच मिति २०७८।६।१८ गते भएको सम्झौता अनुसार प्रति विउँ ५ ग्रामको हुनेगरी ९३,००० गोटा आलुको पूर्व बीउ खरिद गरी ८ वटै वडामा पुर्‍याउने ढुवानी सहित रु.२१।- का दरले भुक्तानी गर्ने गरL रु.१९,५३,०००।- को सम्झौता भएको सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ४२.१ | ३१ | २०७८-७-७ | **वीउ वितरण** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९(५) वमोजिम विल भरपाई सहित खर्च लेख्नुपर्दछ । पालिकाले खरिद गरेको वीउ वितरण लाभग्राहीलाई छनौट गरी वितरण गरेको प्रमाण पेश नभएको रु | १,४६४,७५० |
| ४२.२ | | | पालिकाले ७५ प्रतिशत अनुदानमा वीउ वितरण गर्ने गरी टिप्पणी पेश भए अनुसार खरिद भएको विलको ७५ प्रतिशत खर्च लेख्ने वा खर्च भएको रकमको २५ प्रतिशत रकम राजस्व आम्दानी भएको प्रमाण पेश हुनुपर्दछ । पालिकामा नेपाल कृषि विकास फार्मले रु.१९,५३,०००।- को विल पेश भए वमोजिम सोको ७५ प्रतिशत रु.१४,६४,७५०।- भुक्तानी हुनुपर्ने वा पुरै भुक्तानी गर्दा वाँकी रकम राजस्व प्राप्त हुनुपर्नेमा राजस्व प्राप्त नगरी रु.१८,३२,२५०।- खर्च लेखेकोले वढी खर्च लेखेको रु.३,६७,५००।- सम्वन्धितवाट असुल गर्नुपर्ने रु | ३६७,५०० |
| ४३ | ६४ | २०७८-८-२१ | **तरकारी विउः**<br>पालिकाले सम्वन्धित निकायसँग भएको सम्झौता वमोजिम भुक्तानी गर्नुपर्दछ । पालिका र यूएनडीपी को साझेदारीमा भएको कार्यमा सम्पूर्ण खर्च पालिकाले व्यहोरेको देखिएको छ । पालिकाले तरकारी वीउको कम्पोजित ६१० सेट खरिद गरी रु.३,०५,०००।- खर्च लेखेकोमा उक्त कार्यक्रमको लागि हुने खर्चको सम्वन्धमा यूएनडीपीसँग भएको सम्झौता पेस हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु | ३०५,००० |
| ४४ | ५५ | २०७८-८-१६ | **एक स्थानिय तह एक कृषि बालि उत्पादनः**<br>साझेदारीमा आधारित विशेष एक स्थानीय तह एक कृषि बाली उत्पादन कार्यक्रम संचालन सम्बन्धी कार्य गर्न कृषि विकास कार्यालय दैलेख, कार्यक्रम संचालक समिति गुराँस र पालिकावीच त्रिपक्षीय सम्झौता मिति २०७८।१।१५ मा भएको देखिन्छ । कृषि विकास कार्यालयले रु.१५ लाख र पालिकाले रु.६,४२,८७०।- व्यहोर्ने गरी सम्झौता भएकोमा देखिन्छ । सम्झौता अनुसार निम्नानुसारको कार्यमा पालिकाले ३० प्रतिशत व्यहोर्ने उल्लेख भएकोमा कर्णाली एग्रिकल्चर सप्लायर्सको प्लाष्टिक टनेल खरिद गरी रु.६ लाख तथा अन्य खर्चको रु.४३,९१०।- को विल पेस भए वमोजिम सम्पूर्ण रकम भुक्तानी गरेको छ । उक्त कार्यक्रम संचालन गर्दा सम्झौता अनुसार भएको सम्पूर्ण खर्चको विल भरपाई पेश हुनुपर्ने अन्यथा सम्झौता वमोजिम ३० प्रतिशत रकम रु.१,९२,८६१।- भुक्तानी हुनुपर्नेमा रु.६,४२,८७०।- भुक्तानी भएकोले वाँकी रकम असुल हुनुपर्ने रु. | ४५०,००९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | ३० | २०७८-७-७ | **विउ वितरणः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९(५) वमोजिम विल भरपाई सहित खर्च लेख्नुपर्दछ । पालिकाले रेशम कृषि तथा पशुपालन फर्मवाट आलुको मूल वीउ ९५ क्यीन्टल खरिद गरी रु.४,८४,५००।- भुक्तानी गरेको छ । पालिकाले खरिद गरेको वीउ वितरण लाभग्राहीलाई छनौट गरी वितरण गरेको प्रमाण पेश हुनुपर्नेमा वितरण प्रमाण पेश नभएको रु | ४८४,५०० |
| ४६ | २७ | २०७८-७-७ | **काम वेगरको भुक्तानीः**<br>**काम वेगरको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९ वमोजिम सरकारी रकम खर्च खर्च पुष्टि हुने प्रमाण सहित खर्च लेख्नुपर्दछ । पलिकाले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संस्थालाई रु.३ लाख भुक्तानी गरेकोमा उक्त संस्थालाई भुक्तानी गरे वापत कुनै पनि कार्य गरेको नदेखिएकोले उद्वेश्य वा कार्य वेगर संस्थालाई भुक्तानी दिने निर्णय गर्ने प्रमुख प्रशासकीय अधिकृत दिपक कुमार आचार्यवाट उक्त रकम असूल हुनुपर्ने रु | ३००,००० |
| ४७ | | | **गरिबी निवारणको लागि  लघु उद्यम विकास कार्यक्रमः**<br>गरिबी निवारणको लागि  लघु उद्यम विकास कार्यक्रम अन्तर्गत पालिकाले २ जना उद्यम विकास सहजकर्ता नियुक्त गरी कार्यक्रम फोकल पर्सन, तथा उद्यम विकास सहजकर्तालाई पेश्की दिइ विविद्य कार्यक्रम संचालन गरेको छ। यस सम्वन्धमा देखिएको व्यहोरा निम्न बमोजिम रहेको छ। | |
| ४७.१ | | | **निर्देशिकाको पालनाः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा पालिकाबाट संचालन हुने लघु उद्यम विकास कार्यक्रमको सम्पूर्ण विधि उल्लेख गरिएको छ । सीप विकास तालिम, उद्यमशिलता विकास तालिम, ग्रामिण लेखाजोखा, जनशक्ति परिचालन, प्रविधि हस्तान्तरण कार्यक्रम आदिमा के कति वजेट विनियोजन गर्ने हो सोको मापदण्ड समेत निर्धारण गरिएको छ । उक्त मापदण्ड अनुसार शसर्त अनुदानबाट प्राप्त रकम उल्लेखित शीर्षकमा विनियोजन गरी खर्च गर्नुपर्नेमा शीर्षक फरक पारी खर्च गरेको छ । प्रविधि हस्तान्तरण शीर्षकबाट जनशक्तिको सुविधा, सीप विकास तालिम संचालन तथा पुनर्ताजगी सीप विकास कार्यक्रमबाट प्रविधि सामाग्री खरिद गरेको, तालिममा उत्पादित सामानको कुनै अभिलेख नराखेको तथा प्रविधि हस्तान्तरणको २० प्रतिशत उद्यमीले व्यहोर्न पर्ने आदि व्यवस्थाको पालना गरेको छैन । पालिकाले निर्देशिकाको पूर्ण पालना गरी कार्यक्रमको उद्देश्य पुरा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.२ | | | **प्रविधि हस्तान्तरणः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकममात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रविधि हस्तान्तरण शीर्षकबाट रु.१,१४,८२०।०० को विभिन्न मेसिन औजार खरिद गरेकोमा उक्त प्रविधि हस्तान्तरण गरेको विवरण तथा प्रविधिको अवस्था यकिन भएन । खरिद सामानको कुल अंकको शत प्रतिशत नै आपूर्तिकर्तालाई भुक्तानी गरेको छ । उक्त प्रविधि हस्तान्तरण भएको प्रमाण र २० प्रतिशत सहभागिता भएको प्रमाण पेश हुनुपर्ने रु | ११४,८२० |

| भौचर नं र मिति | सामाग्रीको नाम | प्रविधि खरिदको कुल रकम |
|---|---|---|
| ११५।०७९।०३।१२ | कैची १० पिस, चाउमिन मेशिन १ पिस, अम्रेला सिलाई १ वेल्डिङ तथा अन्य १ सेट | ११४८२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **तालिम भत्ताः**<br>अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका २०७७ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार संचालन सम्बन्धी खर्चको मापदण्डमा सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । त्यस्तै तालिम केन्द्रबाहेक अन्य निकायबाट (पालिकास्तरमा) संचालित सबै प्रकारका तालिममा अधिकृत स्तरीय तालिम भए कार्यपत्र वापत रु.१०००।- र सहायक स्तर तालिम भए कार्यपत्र वापत रु.७००।- भत्ता भुक्तानी गर्न सकिने व्यवस्था छ । विभिन्न सहकारी संस्थामार्फत संचालित पकेट क्षेत्रमा संचालन भएको तालिममा उल्लेखित नर्म्सको पालना भएको नदेखिएकोले वढी भुक्तानी भएको रु.१९,०४०।- सम्बन्धितबाट असुल गर्नुपर्ने रु | १९,०४० |

| भौ चर नं | पूर्ण वहादुर खड्का (कक्षा) | भूपेन्द्र कुमार योगी (कक्षा) |
|---|---|---|
| १०५।०७९।३।३ | ४ | ४ |
| १०९।०७९।३।६ | ४ | ४ |
| १२२।०७९।३।१९ | ४ | ४ |
| १२२।०७९।३।१९ | ४ | ४ |
| जम्मा कक्षा | १६ | १६ |
| बुझेको भत्ता दर | १४०० | १४०० |
| पाउने भत्ता दर | ७०० | ७०० |
| वढी दर | ७०० | ७०० |
| वढी भत्ता असूल | ११२०० | ११२०० |
| कर बाहेक रकम | ९५२० | ९५२० |
| जम्मा | १९०४० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | १२४ | २०७८-१२-२५ | **ओखरको विरुवा वितरणः**<br>सार्वजनिक निकायले कार्यक्रम संचालन गर्दा क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण लाभग्राहीले जानकारी प्राप्त हुने गरी सूचना प्रकाशन गरी माग संकलन गर्ने तथा छनौटको विधि निर्धारण गरी लाभग्राही छनौट पश्चात सेवा प्रवाह गर्नुपर्दछ । पालिकाले रति खोला बाख्रा तथा कृषि फर्मबाट खरिद गरेको ६५२० थान ओखरको बिरुवा रु.२,६१,२००।- मा खरिद गरी वितरण गर्दा लाभग्राहीलाई सुचना तथा छनौट विधि वेगर ११ जनालाई वितरण गरेको भरपाई पेश भएको छ । लाभग्राहीलाई सूचना प्रवाह तथा छनौटको आधार निर्धारण गरी गोप्य रुपमा कार्यक्रम संचालन गर्दा पहुचवालाले मात्र सोको लाभ पाउने देखिएकोले उक्त विरुवा वितरण गर्दा लाभग्राही छनौट सम्वन्धी प्रकृया पुरा गरेको भए सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम कार्यक्रम संचालकबाट असुल हुनुपर्ने रु | २६१,२०० |
| ५० | ९८ | २०७८-९-१८ | **पेश्कीलाई खर्चः**<br>पालिकाले कार्यदलको लागि आवश्यक पोशाक र सुरक्षा सामाग्री खरिदको लागि कर्ण बहादुर थापालाई रु.२,४०,०००।- भुक्तानी गर्दा पेश्की कायम गर्नुपर्नेमा सो नगरी बजेट खर्च कायम गरेको छ । उक्त रकमको बिल, भरपाई, पेश नभएकोले पेश्कीलाई खर्च जनाई भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु. | २४०,००० |
| ५१ | | | **सुलभ पसलः**<br>पालिका भित्र सहकारी संस्थाहरुले संचालन गरेको सुलभ मुल्यको पसलमा विक्री वितरणका लागि खरिद भएको सामान ढुवानी गर्न पालिकाले अनुदान दिएको देखिन्छ । पालिकाले सहाकारी संस्थालाई सुपथ मुल्य संचालन गर्न दिएको अनुदानवाट पालिकाको घरपरिवार तथा लाभग्राहीले लाभ प्राप्त गरेको वा संस्थाहरुले अनुदान प्राप्त गरेकोमा सुलभ मुल्यमा पसल संचालन गरे नगरेको सम्वन्धमा पालिकावाट अनुगमन गरी प्रतिवेदन पेश गरेको नदेखिएकोले उक्त अनुदानको सदुपयोग भए नभएको सम्वन्धमा एकिन गर्न सकिएन । सुपथ मुलल्यमा पसल संचालनमा दिएको अनुदानको केहि उदाहरण निम्नानुसार छन । | |

| भौचर नं | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ५८ | सुलभ पसलको सामान ढुवानी भाडा | वडा १ को सचिव खेमराज उपाध्याय | ४०००० |
| ५२ | | नवयूग कृषि सहकारी संस्था | १८२६५५ |
| ४८ | | लालिगुराँस बहुमुखी सहकारी संस्था | १५३१६० |
| | जम्मा | | ३७५८१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **नाफामूलक संस्थालाई अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । पालिकाले यस वर्ष देहायअनुसारका नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन तथा विविध खर्चमा लागि रु.४,८९,४९२।- अनुदान उपलब्ध गराए पनि सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्ने देखिएको रु... | ४८९,४९२ |

| भौ नं | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १६९ | सगरमाथा महिला बचत तथा ऋण सहकारी संस्था ली | भवन निर्मण प्रथम किस्ता रु.२१९३८७३ र दोस्रो किस्ता रु.४०९४९२ यस वर्ष | ४०९४९२ |
| ५४ | पंचकोशी मालिका महिला बचत तथा ऋण सहाकारी संस्था ली | विविध | ८०००० |
| | जम्मा | | ४८९४९२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>
अनुत्पादक खर्चः<br>
सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । केही उदाहरण निम्नानुसार छन ।
<table>
<tr><td>भौचर नं</td><td>कार्यक्रम</td><td>रकम</td></tr>
<tr><td>१८०</td><td>बाख्रा वितरण</td><td>२२००००</td></tr>
<tr><td>१३५</td><td>खोर निर्माण सहयोग</td><td>५००००</td></tr>
<tr><td>१५७</td><td>घर निर्माण</td><td>५००००</td></tr>
<tr><td>१५०</td><td>बाख्रा खोर निर्माण</td><td>५००००</td></tr>
<tr><td>१११</td><td>रोजगार गुमाएका यूवाका लागी विश्वेश्वर अध्यक्ष स्वरोजगार</td><td>२००००</td></tr>
<tr><td>२९</td><td>रोजगार गुमाएका यूवाका लागी विश्वेश्वर अध्यक्ष स्वरोजगार</td><td>३००००</td></tr>
<tr><td>२६</td><td>रोजगार गुमाएका यूवाका लागी विश्वेश्वर अध्यक्ष स्वरोजगार</td><td>२००००</td></tr>
<tr><td>३८</td><td>रोजगार गुमाएका यूवाका लागी विश्वेश्वर अध्यक्ष स्वरोजगार</td><td>२५०००</td></tr>
<tr><td>३६</td><td>रोजगार गुमाएका यूवाका लागी विश्वेश्वर अध्यक्ष स्वरोजगार</td><td>३००००</td></tr>
<tr><td>६७</td><td>रोजगार गुमाएका यूवाका लागी विश्वेश्वर अध्यक्ष स्वरोजगार – रति वलीलाई स्प्रे टंकी</td><td>२८०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५२३०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>
वृत्त चित्र लघु चलचित्र निर्माणः<br>
पालिकाले यस क्षेत्रको प्रर्वद्धन र विकास निर्माणका क्षेत्रहरु समेट्ने उद्देश्य जनाई वृत्त चित्र निर्माण गरेकोमा वृत्तचित्रमा कुन कुन विषयवस्तु कति समयको रहनेगरी समेट्ने हो सो अनुसार लागत अनुमान तयार गरेको छैन । वृत्तचित्रको कानूनी स्वमित्व पालिकाको रहने गरी सर्वाधिकार समेत पालिकाले लिएको देखिदैन । साथै वृत्तचित्रलाई पालिकाले आफ्नो वेभसाइटमा प्रकाशन नगरेकोले सो को औचित्य समेत पुष्टि नहुने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>गोश्वरा भौचर/मिति</th><th>विवरण</th><th>निर्माण कर्ता</th><th>खर्च रकम</th></tr>
<tr><td>१६७-०७९।०१।१९</td><td>गाउँपालिकाको गतिविधिले जनजिवनमा पारेको प्रभाव</td><td>स्टार इनोभेसन</td><td>२७००००।</td></tr>
<tr><td>१७२-०७९।०१।२१</td><td>स्वास्थ्य, कृषि, पर्यटन शिक्षा राउटे क्षेत्रमा तयार गरिएको भिडियो</td><td></td><td>३०००००</td></tr>
<tr><td>१५९-०७९।०१।२७</td><td>गाउँपालिकाका विभिन्न गतिविधि</td><td>द्रोणाचल मल्टिमिडिया प्रा.ली</td><td>४०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>
सामाजिक परिचालकः<br>
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७४।७५/च. न. ४० (२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालकको रुपमा नियुक्त नगर्ने, ०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागी कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ । स्वीकृत दरवन्दी वाहेकका अन्य कर्मचारीलाई करारमा लिने कार्य नियम सम्मत नभएकोले गाउँसभावाट निर्णय गराएर कार्य गर्न नमिल्ने अवस्था रहेको छ । पालिकाले यस वर्ष ४ जना सामाजिक परिचालकलाई मासिक रु.२०,०००।- र ५ जनालाई रु.१५,०००।- का दरले रु.२०,१५,०००।- भुक्तानी गरेको छ । सामाजिक परिचालक राख्न नपाउने व्यवस्था विपरित सामाजिक परिचालक भुक्तानी भएकोले अनियमित भएको रकम रु.
</td><td>२,०१५,०००</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
सार्वजनिक सम्पत्ति व्यवस्थान प्रणालीः<br>
नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०४।०७ र २०७७।०७।२० को निर्णयअनुसार संघ/प्रदेश/ स्थानीय तहका कार्यलयहरुले सरकारी सम्पतिको व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य रुपमा लागु गर्ने व्यवस्था गरेको छ । कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) प्रयोग गरेको छैन । अतः कार्यालयले सम्पूर्ण सार्वजनिक सम्पतिहरु (PAMS) अनिवार्य अभिलेख राख्नुपर्दछ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **बरबुझारथः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ (१) बमोजिम कुनै कर्मचारी सरुवा, बढुवा वा अवकाश वा अन्य कुनै कारणले कार्यालयबाट अलग भएमा जिन्सी सामान बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृत दिपक कुमार आचार्यले पालिकाबाट सरुवा भई गएपनि पालिकाबाट लिएको रु. ७०,०००।- को One plus nord २ मोबाइल बरबुझारथ नगरेको हुँदा असुल गर्नुपर्ने रु. | ७०,००० |
| ५८ | | | **म.ले.प फारामहरुः**<br>कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने देखिएको छ। | |
| ५९ | | | **सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्नेः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले जनमत सर्वेक्षण तथा किताव छपाईको लागि स्टार इनोभेसनसँग संझौता गरी खरिद गरेको १०० सर्वेक्षण जिन्सी खातामा आम्दानी नबाधेकोले जिन्सी आम्दानी बाधेको प्रमाण पेश गर्नुपर्ने रु. | १९२,००० |
| ६० | | | **छात्रवृत्तिः**<br>कुनै पनि कार्यक्रम सञ्चालन गर्दा ऐन, नियम, कार्यविधि तथा अन्य कानुन बमोजिम बमोजिम गर्नुपर्दछ । पालिकाले देहायका विद्यार्थीको लागि छात्रावृत्ति अनुदान भुक्तानी गरेको छ । सो सम्बन्धमा कुनै पनि कानुन तथा कार्यविधि निर्माण गरेको छैन । कुनै पनि कानूनी प्रक्रिया पुरा नगरी उक्त रकम भुक्तानी भएकोले अनियमित भएको रु. | १३०,००० |

| गो.भौ.नं./मिति | विद्यार्थिको नाम | कार्य विवरण | छात्रवृत्ति रकम |
|---|---|---|---|
| ६७-०७८।०८।०९ | टेकेन्द्र कुमार महतारा | एम फिल अध्यायन | १००००० |
| ८३-०७८।०८।२१ | रमेश खड्का | बि आई टि अध्यायन | ३०००० |
| जम्मा | | | १३०००० |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१</td><td></td><td></td><td>वितरणमुखी कार्यः<br>स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दीर्घकालीन योजना बनाएर गर्नुपर्दछ । पालिकाले देहायका जेष्ठ नागरिक न्यानो कपडा वितरण कार्यक्रम अन्तर्गत ब्ल्याङकेट वितरणमा(१६६-०७९।०१।१९) रु. ७,७२,३६४।-वितरण गरेको छ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नका साथै रोजगारी, उत्पादन तथा आन्तनिर्भरतामा प्रतिकुल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>रितपूर्वकको कर विजकः<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकएको ढाँचाको कर वीजक लिई खरिद गनुपर्ने व्यवस्था छ । पालिकाले रित पूर्वक कर वीजक बेगर देहायका सप्लायर्स तथा परामर्शदाताबाट सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निमार्ण व्यवसासियले रितपूर्वकको कर विजक वेगर पालिकाबाट भुक्तानी लिएको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.<br>
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>विविरण</td><td>सेवा प्रदायक</td><td>बिल रकम</td><td>मू.अ.कर</td><td>कैफियत</td></tr>
<tr><td>८१-०७८।०८।२१</td><td>चियरहरु</td><td>स्वास्तिका मेटल इन्जिनीयरिङ्ग (६१५२६२४८२)</td><td>३८१९४</td><td>४३९४</td><td>फोटोकपि बिल</td></tr>
<tr><td></td><td>मोटरसाइकल खरिद</td><td>भानु इन्टरप्राइजेज (६०४८०४४७९)</td><td>२६७९००</td><td>३०८२१</td><td></td></tr>
<tr><td></td><td>कम्प्युटर तथा ल्यापटप</td><td>एभरेष्ट कम्प्युटर्स ट्रेर्डस एण्ड सप्लायर्स(३०३८७८१७१)</td><td>२६००१३</td><td>२९९१३</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>६५१२७</td><td></td></tr>
</table></td><td>६५,१२८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **बिल भरपाई नभएकोः**<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको खर्चको भुक्तानी गर्दा खर्च हुने बिल भरपाई श्रेस्तासाथ पेश नभएकोले उक्त खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु. | १,२१६,३६४ |
| ६४ | | | **स्थानिय तथा मंहगि भत्ताः** | |

| भौ नं र मिति | योजना | भुक्तानी | कैफियत |
|---|---|---|---|
| १६६।०७९।०१।२१ | जेष्ठ नागरिकलाई ब्ल्याङकेट वितरण | ७७२३६४ | वितरण गरेको भरपाई पेश नभएको |
| १०४-०७८।१०।२१ | ४८ विद्यालयमा विद्यार्थि करेसाबारी निर्माण | १४४००० | |
| | भैरव मा वि लम्चुडा २ मा ICT निर्माण | १५०००० | |
| | बालकल्याण आ वि गुरास ४ मा विद्यालय व्यवस्थापन कार्यक्रम | १५०००० | |
| जम्मा | | १२१६३६४ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा छ महिनाको समय अवधि राखी करार संझौता गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने निर्देशन गरेको छ । पालिकाले देहायबमोजिम करार संझौता अन्तर्गत कार्यरत कर्मचारीलाई महगी भत्ता, फिल्ड भत्ता र स्थानिय भत्ता दिन मिल्ने नदेखिएकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारी</th><th>स्थानीय भत्ता</th><th>महंगि भत्ता</th><th>फिल्ड भत्ता</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>योगेश जि.सी.</td><td>१०५६००</td><td>२४०००</td><td></td><td>१२९६००</td></tr>
<tr><td>२</td><td>नविन कुमार वि सी</td><td></td><td></td><td>१२००००</td><td>१२००००</td></tr>
<tr><td>३</td><td>डम्बर के सी</td><td></td><td></td><td>१२००००</td><td>१२००००</td></tr>
<tr><td>४</td><td>दिनेश कुमार वि सी</td><td></td><td></td><td>१२००००</td><td>१२००००</td></tr>
<tr><td>५</td><td>खम्बिरा के सी</td><td></td><td></td><td>९६०००</td><td>९६०००</td></tr>
<tr><td>६</td><td>जगथि कुमारी खत्री</td><td></td><td></td><td>९६०००</td><td>९६०००</td></tr>
<tr><td>७</td><td>चन्द्रा वली</td><td></td><td></td><td>९६०००</td><td>९६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>७७७६००</td></tr>
</table>
</td><td>७७७,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.२ | | | **स्थानीय भत्ता र महंगी भत्ताः** करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा छ महिनाको समय अवधि राखी करार संझौता गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने निर्देशन गरेको छ । पालिकाले देहायबमोजिम करार संझौता अन्तर्गत कार्यरत कर्मचारीलाई महगी भत्ता, फिल्ड भत्ता र स्थानीय भत्ता दिन मिल्ने नदेखिएकोले असुल गर्नुपर्ने रु. | १२३,१०० |

| क्र सं | नाम | पद | स्थानीय | महंगी | जम्मा | महिना | |
|---|---|---|---|---|---|---|---|
| १ | धिरेन्द्र जंग शाही | प्राविधिक सहायक | ५५१० | २००० | ७५१० | ६ | ४५०६० |
| २ | विशाल वि क | प्राविधिक सहायक | ५५१० | २००० | ७५१० | ४ | ३००४० |
| ३ | इन्द्रा कुमारी थापा मगर | उद्यम विकास सहजकर्ता | ० | २००० | २००० | १२ | २४००० |
| ४ | कौशिला सलामी मगर | उद्यम विकास सहजकर्ता | ० | २००० | २००० | १२ | २४००० |
| | | जम्मा | | | | | १२३१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **भ्रमण भत्ताः** | |
| ६५.१ | | | भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५.२ | | | **भ्रमण भत्ताः** कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ अनुसार अनुसुचि २ को द्रस्टव्य बमोजिम सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र अनुसूची बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था छ । पालिकाले यस वर्ष देहायका पदाधिकारीहरुलाई सरकारी कामकाजको लागि जिल्ला भित्र भ्रमण गरेको अवस्थामा दैनिक भ्रमण भत्ता रु.१६,९००।- भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु.<br><br>**नाम/थर** \| **भ्रमणअवधि** \| **भुक्तानीरकम**<br>दिपा कुमारी वि सी \| ०७८।७।१०-७।१३ \| ५८५०<br>दिपा कुमारी वि सी \| ०७८।८।०५-८।०९ \| ५८५०<br>खड्क ब शाही \| ०७९।०२।०६-२।०९ \| ५२००<br>**जम्मा** \| \| **१६९००** | १६,९०० |
| ६५.३ | ५९ | २०७८-१२-४ | **भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ मा स्थानीय स्तरका कर्मचारी भएमा कम्तिमा जिल्ला स्तरको कार्यालय प्रमुखले भ्रमण आदेश निर्णय गर्नुपर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृत श्री दिपक कुमार आचार्य काठमाडौ मलेप सम्बन्धी कामको लागि जाँदा एक तहमाथीको पदाधिकारीबाट भ्रमण आदेश स्वीकृत नगराई आफैले मिति २०७८।११।१९ देखि २०७८।११।२७ सम्म स्वीकृत गराई गएको देखिएको छ । भ्रमण विलमा प्लेन खर्च आतजाते गरी जम्मा रु.२२,९००।– भुक्तानी गरेकोमा टीकट संलग्न गरेको छैन। त्यस्तै उक्त अवधिको स्थानीय भत्ता रु.१,८३१।- समेत कट्टा गरेको छैन । यसरी एक तह माथीको पदाधिकारीबाट भ्रमण आदेश स्वीकृत नगराई भ्रमण खर्च नियमावलीको नियम ७(९) बमोजिम आफू खुसी भ्रमण गएको देखिएकोले भ्रमण भत्ता खर्च वापत भुक्तानी भएको रु.३०,००० असूल गर्नुपर्ने रु | ३०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५.४ | ५६ | २०७८-१२-२ | **भ्रमण खर्चः** ५६।०७८।१२।०२ भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा भ्रमण सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम असूल गर्ने व्यवस्था छ । कोभिड-१९ खोप अभियान संचालन अनुगमन गर्ने कार्यक्रमको लागि मिति ०७८।०९।१२ देखि ०७८।०९।१४ र ०७८।०८।१८ देखि ०७८।०८।२२ सम्म प्रमुख प्रशाकीय अधिकृत श्री दिपक कुमार आचार्य भ्रमण आदेश स्विकृत गराई क्रमशः रु.३,७००।- र रु.६,३५०।- तथा योगेश जिसीले मिति ०७८।०९।१२ देखि ०७८।०९।१४ सम्मको रु.५,०००।- भ्रमाण भत्ता भुक्तानी लिएकोमा हाजिरी रजिष्टरबाट पालिकामा हाजिरी देखिएकोले भ्रमण नगई झुठा विवरण पेश गरी भ्रमण भत्ता लिने पदाधिकारीबाट भुक्तानी भएको रु.१५,०५०।- को दोव्वर रकम रु.३०,१००।- असूल गर्नुपर्ने रु | ३०,१०० |

| भ्रमण भत्ता लिनेको नाम | भ्रमण खर्च | असूल गर्नुपर्ने |
|---|---|---|
| दिपक कुमार आचार्य | १००५० | २०१०० |
| योगेश जिसी | ५००० | १०००० |
| जम्मा | १५०५० | ३०१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार आयकर कट्टा गरी कर दाखिला गर्नुपर्दछ । पालिका पारिश्रमिक कर लाग्ने कर्मचारीहरुको पारिश्रमिक कर कट्टा नगरी कर्मचारीहरुको तलब भुक्तानी गरेको छ । आयकर ऐन बमोजिम देहायका कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा प्राविधिक ग्रेड वापत प्राप्त रकम समावेश नगरी कर गणना गरेकोले सम्बन्धित कर्मचारीबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | २९,४९१ |

| कर्मचारीको नाम | छुट प्राविधिक ग्रेड | पारिश्रमिक कर |
|---|---|---|
| रतिमान बुढा | ९८३०८ | १९६६१ |
| पर्वलाल शर्मा | ९८३०८ | ९८३० |
| जम्मा | | २९४९१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६७</td><td></td><td></td><td>कार्यदल परिचालनः<br>पालिकाले कार्यक्रम संचालन गर्दा सो कार्यक्रमले पार्ने प्रभाव, असर तथा लाभ लागत मुल्याङ्कनका आधारमा निर्णय गर्नुपर्दछ । पालिकाले सडक कार्यदल, खानेपानी तथा सिंचाई कार्यदल र कृषि स्वयमसेवक मासिक रुपमा नियुक्त गरि भुक्तानी गरेको छ । उक्त कार्यदलले गर्ने काम, कर्तव्य र अधिकार सम्वन्धमा केही उल्लेख नगरेको तथा उक्त कार्यदलहरु भुक्तानी पारिश्रमिक के कहाँवाट भुक्तानी गर्ने तथा स्रोतको आधार व्यवस्थापन नगरी नियुक्त गरेको छ । कार्यदललाई यस वर्ष निम्नअनुसार रु.७७,९२,५००।- भुक्तानी भएकोमा कार्यदलले गरेको कामको विवरण पेश तथा मुल्याङ्कन पेश नभएकोले आवश्यकता पहिचान नगरी कार्यदल निर्माण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>भौचर</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>कृषि स्वयमसेवक-</td><td></td></tr>
<tr><td>१४३</td><td>१५ जना २ महिनाको रु १२००० का दरले</td><td>३८४०००</td></tr>
<tr><td>९९</td><td>१३ जना ४ महिनाको रु १२००० का दरले</td><td>६२४०००</td></tr>
<tr><td></td><td>सडक कार्यदल</td><td></td></tr>
<tr><td>२०५</td><td>१० जना २ महिनाको रु ११००० का दरले</td><td>२२००००</td></tr>
<tr><td></td><td>सिंचाई तथा खानेपानी</td><td></td></tr>
<tr><td>१९०</td><td>२ जना ५ महिनाको रु ११००० का दरले</td><td>१०३०००</td></tr>
<tr><td>१५८</td><td>विभिन्न</td><td>४०४८००</td></tr>
<tr><td>१२६</td><td>विभिन्न</td><td>६०५६७००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७७९२५००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **पदाधिकारी सुविधाः**<br>कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस बर्ष रु.३२,०५,०००।- सुविधा वापत भुक्तानी भएको छ । | |
| ६९ | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले वजेट शीर्षक अनुसार खर्च नलेखी रकमान्तर भएको रकम सुत्रमा रकमान्तर नगरेको तथा विभिन्न शीर्षकमा विविध खर्च गर्ने गरेको देखिएकोले विविध तर्फ भएको वास्तविक खर्च एकिन गर्न सकिएन । पालिकाको कुल आन्तरिक आय न्यून रहेकोले यस्तो खर्च नियन्त्रण हुनु पर्दछ । | |
| ७० | | | **आइसोलेशन अस्पतालः**<br>पालिकाले आइसोलेसन अस्पताल निर्माणको लागि रु.८३ लाख ७० हजारमा २०७८।११।१६ सम्ममा निर्माण कार्य सम्पन्न गर्न निर्माण व्यवसायी डाइमण्ड निर्माण सेवासँग २०७७।११।१६ मा सम्झौता भएकोमा २०७९।०३।२४ मा सम्पन्न गरेको देखियो । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नअनुसार छन्: | |
| ७०.१ | | | **प्रोभिजनल समः** सम्झौता अनुसार प्रोभिजनल समको भुक्तानी गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई समेत राख्नुपर्नेमा निर्माण व्यवसायीलाई प्रोभिज्नल समको रु.५० हजार भुक्तानी दिएकोमा सो पुष्टीहुने आधार प्रमाण संलग्न गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु | ५०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०.२</td><td></td><td></td><td>नभएको कामको भुक्तानीः निर्माण व्यवसायी सँग भएको सम्झौता अनुसार भएको काम नाँपजाच गरी सो अनुसार भुक्तानी गर्नुपर्नेमा निम्न अनुसार काम नै नभएको अवस्थामा समेत नापी किताबमा चढाई भुक्तानीका लागि बिल बनाउने प्राविधिक, सिफारिस गर्ने लेखाउत्तरदायी अधिकृत र भुक्तानी दिनेलाई जिम्मेवार बनाई काम नै नगरी भुक्तानी लिने निर्माण व्यवसायीलाई प्रचलित कानून बमोजिम हर्जना समेत लगाई निम्नअनुसार असूल गर्नुपर्ने रु...
<table>
<tr><td>कामको विवरण</td><td>परिमाण</td><td>दर</td><td>रकम</td></tr>
<tr><td>Local Hard Wood works for door and window</td><td>०.२६</td><td>१६००००</td><td>४१९५२</td></tr>
<tr><td>१००० Ltr tank with stand</td><td>१</td><td>२५०००</td><td>२५०००</td></tr>
<tr><td>Double coat painting</td><td>३६७.८५</td><td>३००</td><td>१२८७४६</td></tr>
<tr><td>३ mm thick punning works</td><td>१३२.५५</td><td>३५०</td><td>४६४२६</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२४२१२४</td></tr>
<tr><td>मूल्य अभिबृद्धि कर रु.</td><td></td><td></td><td>३१४७६</td></tr>
<tr><td>असूल गर्नुपर्ने रु.</td><td></td><td></td><td>२७३६००</td></tr>
</table>
</td><td>२७३,६००</td></tr>
<tr><td>७०.३</td><td></td><td></td><td>लमसम परिमाणः पालिकाले लागत अनुमान तयार गर्दा नै स्पष्ट परिमाण उल्लेख गर्नुपर्नेमा विद्युतीकरण र सेनिटेशसनको काम भवनको लागतको क्रमश २.५ र ३.५ प्रतिशत लमसममा राखी बोलपत्र गरेको देखियो । निर्माण व्यवसायीले उक्त दुवै कामको लागि रु.८०/८० हजार कबोल गरी बोलपत्र स्वीकृत भएकोमा अस्पताल भवनको वाइरिङ्ग गुणस्तरीय नभई वाल बाहिरबाट लिष्टी लगाई एकवटा मात्र बत्तिको प्वाइन्ट दिएको, ट्युवलाइट लगायत प्रयाप्त प्रकाश हुने व्यवस्था नगरेको, सिंगल लाइन मात्र फिट गरेको, ल्यावका लागि तोकिएको मापदण्ड अनुसार प्रयोगशाला मेशिनरी चल्न सक्ने व्यवस्था नगरेको अवस्था छ । त्यस्तै सेनिटरीको काम हेर्दा पानी ट्याङ्की जडान गरी प्लम्बिङ्गको काम दुवै भवनमा गरेको छैन् । ट्वाइलेट लगायत पानी प्रयोग हुने स्थानमा पानी निकासा व्यवस्थापन गरेको छैन भने सेफ्टी ट्याङ्कीको ढकन समेत नलगाई खुला छोडेको अवस्थामा समेत भुक्तानी दिई निर्माण व्यवसायीलाई उन्मुक्ती दिएको देखियो । लमसम आइटममा राखी न्यून अंक कबोल गर्ने निर्माण व्यवसायीलाई प्राविधिकले गुणस्तर परिमाण र पर्याप्तता समेतमा लापरवाही गरेको देखिएकोले तोकिएको काम नगराई जस्तो पनि काम स्वीकार गर्ने प्राविधिक माथी छानविन गरी उक्त भवनको पुन कार्य सुधार नभएमा भुक्तानी रकम असूल गर्नुपर्ने रु</td><td>१६०,०००</td></tr>
</table>

| ७०४ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **स्थलगत अनुगमनः** कार्य स्वीकार गरी अस्पताल सञ्चालनमा रहेको सो भवनको २०७९।०९।२८ मा स्थलगत अवलोकन गर्दा भवनको छतबाट पानी चुहिने भएकोले वर्षा याममा बिरामी राख्न नसकिने गुनासो गरेको, पनिङ्ग नगरेको, भर्‍याङ्गको अवस्था पनि विरामी मैत्री नरहेको, छतमा जाने बाटोमा ढोका समेत नहालेको मुख्य ढोका नै प्लाइको राखी कब्जा लगाई प्रयोग गरेको, बिओक्यूमा काठको ढोका बनाई फिट गर्नुपर्नेमा बजारमा उपलब्ध रेडिमेड ढोका प्रयोग गरेको, भुइतल्लामा हुने झ्यालको फलामे ग्रिल समेत नभएको, ढोकाको साईज सानो भएको कारण विरामीको स्ट्रेचर लगायत स्वास्थ्य उपकरण कोठा भित्र राख्न नसकिने अवस्था देखियो । उक्त भवनको पार्टेशनमा ४ इन्चको वाल मात्र पर्खाल देखिए पनि एकै निर्माण व्यवसायीबाट एउटा भुइतल्ला र अर्को भवनको माथिल्लो तला थप्ने काम गराएकोमा सो भवनहरुको नाँपी किताबमा पुरै आइटमको नाँप नदेखिएकोले अघिल्लो भुक्तानीहरुको नाँप परीक्षण गर्ने अवस्था भएन ।<br>स्थलगत अनुगमन गर्दा पार्टेशन वालहरु केही ठाउँमा चर्किएको, भर्‍याङ्गको जोडाइमा प्लाष्टर नै नगरी रफ छोडेको, छतको रेलिङ्गमा प्रयोग गरिने पाइप नाँप अनुसार नहाली तलपट्टी खुलै छोडेको अवस्थाले निर्माण कार्यको गुणस्तर सिधै अनुगमन गर्न सकिन्छ । अस्पताल भवन बनाएको सामान र ढलानको टन्साइल, क्युव जस्ता सामान्य प्रयोगशाला परीक्षण नभएको, छतबाट पानी चुहिने, वाल चर्किएको, भर्‍याङ्गको प्लाष्टर सबै उप्किने थालेको अवस्था देख्दा भवन निर्माण कार्य अति नै लापरवाह र बेमनासिव तरिकाले सम्पन्न गरी/ गराई भुक्तानी लेखेकोले संलग्नलाई छानविनको दायरामा ल्याइ कानून बमोजिम कारवाही गरी आगामी दिनमा जिम्मेवारी दिंदा समेत विचार विमर्श गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |   | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ७०.५ | | | **पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार निर्माण व्यवसायीले तोकिएको समयमा कार्य सम्पन्न नगरेमा प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार २०७८।११।१६ सम्ममा निर्माण सम्पन्न गरिसक्नु पर्नेमा निर्माण कार्य सम्पन्न गरी मिति २०७९।०३।२४ मा विल पेश गरेको देखियो । सम्झौता भन्दा १२८ दिन ढिला गरी बिल पेश भएकोमा म्याद थप प्रमाण लेखापरीक्षणमा पेश हुन नआएकोले म्याद समाप्त ठेक्काको बिल तयार गर्ने प्राविधिक र सिफारिस गर्ने लेखा उत्तरदायी अधिकृत समेतलाई जिम्मेवार बनाई सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु.... | ५३५,६६२ |
| ७०.६ | | | **नाँपभन्दा वढी भुक्तानीः** निर्माण कार्यको नाँप अनुसार भुक्तानी दिनुपर्नेमा आइसोलेशन अस्पताल जाने सडक निर्माण कार्यको लागि भुक्तानी गर्दा प्राविधिकले ५४ मिटर लम्बाई उल्लेख गरी रु.५,२३,१२६।- भुक्तानी दिएकोमा स्थलगत नाँप गर्दा ४७.५ मिटर मात्र लम्बाई देखिंदा वढी भुक्तानी हुन गएको रु.७३,७५१।- असूल गरी नाँप नमिलाई बिल बनाउने प्राविधिक र भुक्तानी सिफारिस गर्ने लेखाउत्तदायी अधिकृतलाई जिम्मेवार बनाई रकम दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.... | ७३,७५१ |

| कामको विवरण | हुनुपर्ने परिमाण | भएको | फरक | दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| Stone soiling | ४७.५*४ *०.१५=२८.५ | ३२.४ | ३.९ | २२०० | ८५८० |
| Rcc Works | ४७.५ *४ *०.१०=१९ | २१.६ | २.६ | ८५०० | २२१०० |
| Rainfor cement | २६ *४७.५ *०.८९=१०४९.१५<br>३१६ *४.४ *०.८९=१२३७.४६ | २६८२.६ | ३४५.८६ | १०० | ३४५८६ |
| जम्मा | | | | | ६५२६६ |
| मूल्य अभिबृद्धि कर रु. | | | | | ८४८५ |
| कुल जम्मा रु. | | | | | ७३७५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **अस्पताल कर्मचारी आवासः**<br>अस्पतालको कर्मचारीहरुको लागि आवास सुविधा उपलब्ध गराउने उद्देश्यले कुल रु.१ करोड ३९ लाख ७४ हजारको लागत अनुमान तयार गरी वोलपत्र भएकोमा न्यूनतम कबोल गर्ने निर्माण व्यवसायीले अस्वभाविक दर पेश गरेको कारण दोस्रो निर्माण व्यवसायी भगवतिमाइ कन्स्ट्रक्सन एण्ड रोशन निर्माण सेवासँग २०७८।३।१६ मा रु ८७ लाख ६१ हजारमा २०७९।०३।१६ सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्: | |
| ७१.१ | | | **निर्माण प्रगतीः** पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौता अनुसार २०७९ अषाढमा सम्पन्न गर्नुपर्ने उक्त भवन एक तल्लाको स्ट्रक्चर सम्पन्न गरी दोस्रो तल्ला ढलान हुने अवस्थामा रहेको देखियो । सम्झौताको ७ दिन भित्र पेश गर्नुपर्ने कार्य तालिका दुरुस्त फाइलिङ्ग व्यवस्था नभएको कारण लेखापरीक्षणमा पेश भएन । २०७९ असाढ सम्म रु.२८,१७,७१९।- भुक्तानी भएको सो भवन माघ सम्म म्याद थप गरेको जनाएतापनि सो प्रमाण पेश भएन । उक्त भवनको वीमा लागतमा समावेश नगरेको कारण वीमा समेत भएको छैन । म्याद भित्र वीमा, कार्य सम्पादन जमानत लगातयत सम्पूर्ण प्रक्रिया नियमित गरी तोकेको समयमा गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । | |
| ७१.२ | | | **निर्माण स्थलः** पालिकाले भवन निर्माणको लागि उपलब्ध जग्गाको नाँप अनुसार भवन निर्माण गर्नुपर्नेमा जग हाल्न शुरु भएपछि उक्त जग्गामा व्यक्तिको जग्गाको केही भाग परेको कारण वालि(आलु) क्षतिपूर्ति रु.२० हजार र जग्गाको मुआब्जा वापत मौखिक सहमतीको आधारमा जग्गाधनी लिला कुमारी वुढालाई रु.५० हजार नगद भुक्तानी गरेको छ । तर उक्त जग्गा नियमानुसार पालिकाको स्वामित्वमा ल्याएको छैन । पछि विवाद नआउने गरी पालिकाले नामसारी लगायतका प्रक्रिया पुरा गरी जग्गाको स्वामित्व लिनुपर्दछ । | |
| ७२ | | | **गतवर्षको भुक्तानी :**<br>नविकरणीय उर्जाका लागि स्वीकृत बजेट पालिका अध्यक्षको तोक आदेशका आधारमा गत वर्ष २०७७।०७।१५ को दैलेखी उर्जा घरबाट सोलार खरिद गरेको विल संलग्न गरी रु.१९ हजार यस वर्ष भुक्तानी गरेको छ । शसर्त रकमको उक्त रकमबाट गतविगतको भुक्तानी गर्न मिल्ने देखिदैन । खरिद भएको सोलार सिस्टम वडा नं ३ का एक कृषि फर्मका अध्यक्ष पदम मल्लले बुझिलिएकोमा प्रयोजन र उपयोग स्थिति स्पष्ट छैन् । गत वर्षको भुक्तानी बाँकी समेत प्रमाणित नगरी संघीय सञ्चितकोषको रकम पालिका अध्यक्षको तोक आदेशका खर्च गरेको देखिएकोले सो रकम संघीय संचितकोमा फिर्ता भएको प्रमाण पेश गर्नुपर्ने रु | १९,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३</td><td></td><td></td><td>भवनको नापः<br>सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२३ अनुसार प्राविधिक नापको आधारमा विल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्न विद्यालयलाई एकै नाँपका आधारमा ४ कोठे भवन निर्माणको भुक्तानी गरेकोमा भर्‍याङ्गको भागमा वाल नलगाएको स्थानमा समेत इटाको वाल लगाएको नाँप देखाएको साथै वालको नाँप गर्दा पिल्लरको भाग समेत नघटाई लम्बाई कायम गरेकोले ३.२८ घनमिटरको प्रतिघनमिटर रु.१९,९२७।९६ का दरले हुन आउने रु.६५,३६३।७० निम्न विद्यालयबाट असूल गर्नुपर्ने रु<br><table><tr><td>विद्यालयको नाम</td><td>रकम</td></tr><tr><td>गुराँस आधारभुत विद्यालय</td><td>६५३६३.७०</td></tr><tr><td>सरस्वती माध्यमिक विद्यालय</td><td>६५३६३.७०</td></tr><tr><td>शारदा आधारभुत विद्यालय</td><td>६५३६३.७०</td></tr><tr><td>कृष्ण माध्यमिक विद्यालय</td><td>६५३६३.७०</td></tr><tr><td>जम्मा</td><td>२६१४५४.८०</td></tr></table></td><td>२६१,४५४.८</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>पाइप खरिदः<br>सारदा आधारभुत विद्यालय खानेपानी ट्याङ्की निर्माण उपभोक्ता समितिसँग भएको सम्झौताको शर्त नं १३ अनुसार उपभोक्ता समितिले खरिद गरेको खप्ने सामान बाकी रहेमा पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । निर्माण उपभोक्ता समितिले पेश गरेको बिल अनुसार रु.२४,१२०।- मा २० एमएमको ६०० मिटर पाइप खरिद गरेकोमा उक्त पाइप प्रयोग गरेको नदेखिएकोले पालिकाले आम्दानी जनाएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु</td><td>२४,१२०</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>खरिद अभिलेखः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा हरेक खरिद कारबाहीको लागि छुट्टा छुट्टै फाइल खडा गरी लागत अनुमान, पूर्व योग्यता निर्धारण, बोलपत्र सम्बन्धी कृयाकलाप लगायत खरिद संझौता देखि सम्पन्न प्रगति प्रतिवेदन समेत वनाई फाइल पञ्जिका समेत तयार गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवै खरिदको फाइल तयार नगर्ने गरेको, तयार गरेको फाइलमा सम्बन्धित सवै कागजात नराखि पञ्जिका समेत तयार नगर्ने गरेको देखिएको छ । यसबाट खरिद सम्बन्धी पूर्ण विवरण उपलब्ध नहुने, प्रमाण कागजात एकिकृत नहुने लगायतका कारणबाट खरिद कार्य प्रभावकारी देखिएन, नियमको उक्त व्यवस्था अनुसार खरिद अभिलेख/फाईल व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णय अनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ प्रतिशत का दरले यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको रकमको हिसाव किताब राखेको देखिएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ७७ | | | **कार्य सम्पन्न प्रतिवेदनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ७८ | | | **सार्वजनिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ७९ | | | **स्तनपान कक्ष निर्माणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ वमोजिम सार्वजनिक निकायले विल वीजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ। पालिकाले स्तनपान कक्ष निर्माण गर्न निर्माण व्यवसायी भैरव निर्माण सेवासँग सम्झौता वमोजिम कार्य गराई रु.७,४१,३८२।- भुक्तानी गरेको छ । उक्त कार्यको लेखापरीक्षणको क्रममा आल्मुनियमको परिमाण नापजाँच गर्दा १८.३६ घनमिटर रहेकोमा ४४.९५ घनमिटर भुक्तानी भएकोले २७ घनमिटरको रु.७,४८८।- का दरले रु.१,९९,६४८।- वढी भुक्तानी भएको रकम नापजाँच गर्नेवाट असूल गर्नुपर्ने रु | १९९,६४८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८०</td><td></td><td></td><td>

**वडा सरसफाईः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा उल्लेख भएको विभिन्न खरिद विधि लाभग्राही सामुदायवाट निर्माण गर्ने, सिधै खरिद, शिलवन्दी खरिद तथा वोलपत्र माध्यमवाट हुने खरिद विधि नियममा उल्लेख भए वमोजिम कुनै विधि छनौट गरी खरिद तथा निर्माण कार्य गर्नुपर्दछ । पालिकाले कानूनमा उल्लेख भएको प्रकृया नअपनाई कर्मचारीहरुलाई योजनामा छुट्याएको रकमको ४५ प्रतिशत पेश्की वा सिधै इन्धनवापतको रकम भुक्तानी गरेको र मेशिन भाडामा लिई खर्च गरेको छ । पालिकाले इन्धन वापत भुक्तानी भएको रकम अनुसारको इन्धन मेशिनमा खपत भए नभएको, मेशिनको Hr/Meter को फोटो सहित प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा कानून विपरित खरिद विधि नअपनाई पेश्की दिन निर्णय गर्ने र पेश्की लिने कर्मचारीवाट उक्त रकम असूल हुनुपर्ने रु

<table>
<tr><th>भौचर नं</th><th>पेश्की लिने</th><th>भुक्तानी</th></tr>
<tr><td>२२८</td><td>४ नं वडा सचिव तारा कुमारी खाँण</td><td>२७००००</td></tr>
<tr><td>२१९</td><td>२ नं वडा सचिव सुन्दा वहादुर वि सि</td><td>३१५०००</td></tr>
<tr><td>२०३</td><td>६ नं वडा सचिव नमिता कुमारी शर्मा</td><td>६५३६३५</td></tr>
<tr><td>१९४</td><td>८ नं वडा सचिव सुस्मिता कु खड्का</td><td>१७८६१९</td></tr>
<tr><td>१९३</td><td>७ नं वडा सचिव नगेन्द्र थापा</td><td>१०८९००</td></tr>
<tr><td>१७८</td><td>५ नं वडा सचिव डिल्लीराम तिमिल्सीना</td><td>३४२२०४</td></tr>
<tr><td></td><td>२ नं वडा सचिव नागेन्द्र पाल</td><td>४४५३५७</td></tr>
<tr><td></td><td>१ नं वडा सचिव खेमराज उपाध्याय</td><td>२४१५०५</td></tr>
<tr><td>३७</td><td>८ नं वडा सचिव सुस्मिता कु खड्का</td><td>५१२२५</td></tr>
<tr><td>८३</td><td>१ नं वडा सचिव खेमराज उपाध्याय</td><td>२४७५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२८५३९४५</td></tr>
</table>

</td><td>२,८५३,९४५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | २२४ | २०७९-३-२४ | **वडा भवनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ वमोजिम लागत अनुमान तयार गरी निर्माण गर्नुपर्दछ । पालिकाले वडा नं ८ को कार्यालय भवन निर्माण गर्दा यस अधि अधुरा निर्माण भएको कार्यको मुल्यांकन वेगर यस वर्ष मात्र निर्माण हुने कार्यको रु.१०,५४,३५५।- लागत अनुमान तयार गरी यस वर्षको मुल्यांकन रु.१०,५९,६९५।- मध्ये पालिकाले रु.९,१२,०००।- उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उक्त भवनको यस अघि के कति कार्य भएको हो सोको मुल्यांकन वा एकिकृत लागत अनुमान तयार नगरी छुट्टा छुट्टै लागत अनुमान तयार गरी निर्माण कार्य गर्दा भवन निर्माणको आइटमहरु दोहोरो पर्न सक्ने भएकोले भवनको यस अधिको भुक्तानी भएको मुल्यांकन पेश गरि मात्र भुक्तानी गर्नुपर्ने रु | ९१२,००० |
| ८२ | | | **कृषि क्याम्पस भवनः**<br>पालिकाले कृषि क्याम्पस भवन निर्माण गर्न लागत अनुमान रु.१,३०,८२,३००।३६ भएको भवनको बोलपत्र मार्फत निर्माण व्यवसायी के.बी.गुरुङ्ग कन्स्ट्रक्सन प्रा.लीसँग रु.७९,३९,७५६।११ मा मिति २०७८।१२।१० मा सम्झौता गरि कार्यादेश दिएको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ८२.१ | | | **पेश्की जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार निर्माण कार्य अवधिको ८० प्रतिशत म्याद खाम्ने गरी कार्यसम्पादन जमानत राख्नुपर्ने व्यवस्था छ । उक्त भवनको निर्माण कार्यको पेश्की जमानतको म्याद २०७९।६।१३ सम्म रहेकोमा हालसम्म कार्य सम्पन्न नभएको र पेश्की वाँकी देखिएकोले नियमावली वमोजिम पेश्की असूल फर्स्यौट हुनुपर्दछ । | |
| ८२.२ | | | **कार्य तालिका** : निर्माण व्यवसायीसँग भएको सम्झौताको ७ दिन भित्र निर्माण व्यवसायीले निर्माण कार्यको तोकिकएको अवधिमा निर्माण गर्ने गरी कार्य तालिका पेश गर्नुपर्दछ । पालिका निर्माण कार्यको लागि २०७९।३।३० भित्र सम्पन्न गर्ने गरी कार्यादेश दिएकोमा निर्माण व्यवसायीले २०७९।१२।३० सम्मको कार्यतालिका पेश गरेको देखियो । सम्झौतामा उल्लेख भएको ४ महिनामा सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा १२ महिनामा सम्पन्न हुनेगरी कार्यतालिका पेश गरेकोमा उक्त कार्यतालिका स्वीकार गर्न नहुनेमा सोही वमोजिम सम्झौता गरेकोले समयमा कार्य सम्पन्न हुन नसकी म्याद थप भएकोले उक्त कार्यतालिका स्वीकार गर्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ । | |
| ८२.३ | | | **पेश्की भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार सम्झौता रकमको १० प्रतिशत सम्म पेश्कीको रुपमा दिन सकिने उल्लेख छ । पालिकाले उक्त भवनको सम्झौता रकमको १० प्रतिशतले रु.७,९३,९७५।- सम्म पेश्की भुक्तानी गर्न सक्नेमा रु.१३,४९,७५८।- पेश्की दिएकोले वढी पेश्की भुक्तानी भएको रु.५,५५,७८३।- ब्याज समेत असूल/फर्स्यौट हुनुपर्ने रु | ५५५,७८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२.४ | | | **वीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार बीस लाख रुपैयाँ भन्दा वढी मूल्यको निर्माण कार्यमा अनिवार्य वीमा गराउनु पर्ने उल्लेख छ । पालिकाले उक्त भवनको बिओक्यूमा बीमाको व्यवस्था गरे तापनि वीमा गराएको देखिएन । निर्माण कार्यको सम्झौता गर्दा नियमावलीमा भएको व्यवस्था वमोजिम वीमा गरेको प्रमाण पेश भए पश्चात मात्र सम्झौता गर्नुपर्नेमा वीमा वेगर कार्य सुचारु गरेको देखिएकोले निर्माण कार्यमा पर्न सक्ने संभावित जोखिमको सम्वन्धमा सचेत हुनुपर्दछ । | |
| ८२.५ | | | **पूर्व निर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ वमोजिम निर्माण व्यवसायीको कारण सम्झौता वमोजिम निर्माण कार्य ढिलो भएको अवधिको प्रति दिन शून्य दशमलव पाँच प्रतिशत वा अधिक्तम १० प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्दछ । उक्त निर्माण कार्यको कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७९।३।३० रहेकोमा सो अवधि पश्चातको म्याद थप भएको नदेखिएकोले १० प्रतिशतले हुने रु.७,९३,९७५।– पूर्व निर्धारित क्षतिपूर्ति असुल सहित निर्माण सम्पन्न गर्नुपर्ने रु | ७९३,९७५ |
| ८३ | | | **गुराँस गौरव मार्ग सडक (NCB.४-०७७।७८):** ठेक्का नं NCB.**४-०७७।७८** गुराँस गौरव मार्ग सडक निर्माण गर्न निर्माण व्यवसायी सुभ लक्ष्मी निर्माण सेवासँग रु.५१,८१,३९७।८० मा कार्य गर्ने गरी मिति २०७७।३।८ गते सम्झौता गरी मिति २०७९।३।३० भित्र कार्य सम्पन्न गर्नेगरी कार्यादेश दिएको छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन। | |
| ८३.१ | | | **प्रोभिजनल सम** : निर्माण कार्यको बिओक्यूमा पिएस भुक्तानी हुने आइटम स्पष्ट उल्लेख हुनुपर्दछ । पालिकाले निर्माण कार्यको पिएसमा अरु व्यहोरा उल्लेख नगरी रु.५०,०००।- कायम गरेकोमा उक्त रकम भुक्तानी गर्दा वीमाको प्रिमियम गरेको रु.२०,५१५।- को वीमालेख पेश भएकोमा उक्त वीमालेखको कर वीजक पेश नगरी रु.५०,०००।- को भ्याट समेत रु.५६,५००।- भुक्तानी गरेको छ । विल वाहेक वढी भुक्तानी भएको रु.३५,९८५।- असूल गरी वाँकी रु.२०,५२५।- को विजक पेश हुनुपर्ने रु. | ५६,५०० |
| ८३.२ | | | **सडक चेनेज** : सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा चेनेज कायम गरी नाँपजाच गर्नुपर्दछ । उक्त निर्माण कार्यको भुक्तानीको लागि नाँपजाच र मुल्यांकन गर्दा समेत चेनेज अनुसार कामको नाँपजाच गरी नापीकिताव पेश हुनुपर्दछ । पालिकाले उक्त सडकको भुक्तानी गर्दा माटो कटिङ्गको चेनेज कायम गरेको छ भने उक्त ठेक्कामा ग्याबियन तथा पिसिसी वापत भुक्तानी भएको रु.२५,२८,६५९।- को नापजाँच गर्दा चेनेज उल्लेख नभएकोले सो निर्माण कुन ठाउँमा भएको हो सोको एकिन गर्ने नसक्ने देखिएकोले चेनेज कायम गरी नाँपजाच गरेको प्रमाण पेश हुनुपर्ने रु. | २,५२८,६५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३.३ | | | **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार निर्माण कार्यको कट्टा भएको धरौटी त्रुटी सच्याउने अवधि सकिए पश्चात मात्र धरौटी फिर्ता गर्नुपर्दछ । उक्त निर्माण कार्यको कार्य सम्पन्न भएको जानकारी निर्माण व्यवसायीले मिति २०७८।१२।१३ मा पत्र पेश गरे अनुसार २०८० बैषाख पश्चfत मात्र धरौटी फिर्ता गर्न मिल्नेमा पालिकाले निर्माण कार्यको सम्झौता पत्रमा नियमावली विपरित निर्माण कार्य सम्पन्न भएको ३ महिना पश्चात फिर्ता गर्ने गरी सम्झौता भए अनुसार २०७९।६।३० मा धरौटी फिर्ता दिएको छ । निमयावली विपरित सम्झौता गर्ने प्रमुख प्रशासकीय अधिकृत दीपक कुमार आचार्यबाट त्रुटी सच्याउने अवधि समाप्त नहुदै फिर्ता भएको धरौटी रकम रु.५,३६,०००।-असूल हुनुपर्ने रु | ५३६,००० |
| ८३.४ | | | **कार्य स्वीकार नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछी निर्माण व्यवसायीलाई करारको शर्त वमोजिम अन्तिम भुक्तानी दिनुपर्दछ । कार्यालयले उक्त सडकको अन्तिम भुक्तानी गरेकोमा कार्य स्वीकार प्रतिवेदन तयार भएको देखिएन । नियमावलीमा भएको व्यवस्था वमोजिमको कार्य स्वीकार प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ८४ | | | **गुराँस गौरव मार्ग सडक(NCB/५/०७७/७८):**<br>ठेक्का नं NCB/**५**/**०७७**/**७८** गुराँस गौरव मार्ग सडक निर्माण गर्न निर्माण व्यवसायी शुभ लक्ष्मी निर्माण सेवासँग रु.५५,५२,७७९।- मा कार्य गर्ने गरि मिति २०७७।०३।०२ गते सम्झौता गरि मिति २०७९।०३।२० भित्र कार्य सम्पन्न गर्नेगरी चेनेज २+४९० देखि ३+००० सम्मको काम गर्न कार्यादेश दिएको सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन। | |
| ८४.१ | | | **सडक चेनेज** : सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा चेनेज कायम गरी नाँपजाच गर्नुपर्दछ । उक्त निर्माण कार्यको भुक्तानीको लागि नाँपजाच र मुल्याङ्कन गर्दा समेत चेनेज अनुसार कामको नाँपजाच भएको नाँपी किताव पेश हुनुपर्दछ । पालिकाले उक्त सडकको माटो कटिङ्गको चेनेज कायम गरेपनि ग्यावियन तथा पिसिसी वापत भुक्तानी भएको रु.२३,४०,७५०।- को नापजाँच गर्दा चेनेज उल्लेख नभएकोले सो निर्माण कुन ठाउँमा भएको हो सोको एकिन गर्न नसक्ने देखिएकोले चेनेज कायम गरी नाँपजाच गरेको प्रमाण पेश हुनुपर्ने रु. | २,३४०,७५० |
| ८४.२ | | | **कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० को उपनियम ४ अनुसार निर्माण कार्य सम्पन्न भएको मितिले थप १३ महिना खाम्नेगरी कार्यसम्पादन जमानत पेश हुनुपर्ने उल्लेख छ । उक्त सडकको निर्माण गर्न सम्झौता अनुसार रु.५०,५९,४३४।- को कार्य सम्पादन जमानत पेश हुनुपर्नेमा लेखापरीक्षणको क्रममा पेश नभएको रु | ५,०५९,४३४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८५ | | | **हेल्थ केयर निर्माण कार्य:** गो.भौ.नं.१७५-०७९।३।१ गुराँस हेल्थ केयर सेन्टरको भवन वार्ड नं १ मा निर्माण गर्न निर्माण व्यवसायी सिभिल निर्माण सेवासँग रु.२१,७३,७०८।- मा कार्य गर्नेगरी मिति २०७७।२।३० सम्झौता भएकोमा मिति २०७७।३।३० भित्र सम्पन्न गर्ने कार्यादेश दिएको सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन। | |
| ८५.१ | | | **मुल्य अभिवृद्धि कट्टा नभएको** : आर्थिक ऐन, २०७८ अनुसार सम्झौता अनुसार खरिद तथा निर्माण कार्यको भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर वापत भुक्तानी हुने रकमको ३० प्रतिशत रकम कट्टा गरी आन्तरिक राजस्व कार्यालयमा भुक्तानी गर्ने निकायले स्वंय भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त निर्माण व्यवसायीलाई अन्तिम रनिङ्ग विल वापत रु.७,७३,७२८।- भक्तानी गरेकोमा ३० प्रतिशत मुल्य अभिवृद्धि कर रकम रु.२४,९७८।- कट्टा गरेको नदेखिएकोले कार्यालयवाट भुक्तानी भएको रकमको मूल्य अभिवृद्धि कर समायोजन पेश हुनुपर्ने रु | २४,९७८ |
| ८५.२ | | | **पूर्व निर्धारित क्षतिपूर्ती :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ वमोजिम निर्माण व्यवसायीको कारण सम्झौता वमोजिम निर्माण कार्य ढिलो भएको अवधिको प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशत वा अधिक्तम १० प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ती असूल गर्नुपर्दछ । निर्माण कार्यको कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७७।७।३० रहेकोमा सो अवधि पश्चातको म्याद थप भएको नदेखिएको र निर्माण व्यवसायीले विल भुक्तानी माग गरेको पत्र मिति २०७८।१२।१२ मा पेश गरेकोले ढिलो कार्य सम्पन्न गरेको देखिएकोले १० प्रतिशतले हुने रु.२,१७,३७१।– पूर्व निर्धारित क्षतिपूर्ती असुल गरी निर्माण सम्पन्न गर्नुपर्ने रु | २१७,३७१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **सोझै खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले सडक निर्माण तथा मर्मत कार्य गर्दा प्रतिस्पर्धात्मक विधि नपनाई निम्नानुसार रु.१२,८४,७६४।- को एउटै फर्म गुराँस निर्माण सेवावाट सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु | १,२८४,७६४ |

| भौ नं | योजना | निर्माण व्यवसायी | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| ८५-०७८।९।१९ | सडक निर्माण तथा मर्मत | गुराँस निर्माण सेवा | ६४७९६४ | कोटेशन पेश नभएको |
| ८४-०७८।९।१९ | सडक निर्माण तथा मर्मत | गुराँस निर्माण सेवा | ६३६८०० | कोटेशन पेश नभएको |
| | जम्मा | | १२८४७६४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | **पाप्लु भालु टोपका छहरेटोल खानेपानीः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिकले पेश गरेको नापी किताव तथा वास्तविक खर्चको आधारमा गर्नुपर्दछ । पालिकाले पाप्लु भालु टोपका छहरेटोल खानेपानी योजनामा तयार भएको लागत अनुमान रु.२२,५४,३००।- अनुसार उपभोक्ता समितिलाई रु.१९ लाख भुक्तानी गरेकोमा पालिकाले पुन: छुटै ३२०० मिटर मेन लाईन खन्ने र ४४०० मिटर पुर्ने कामको रु.४,४८,३२२।- भुक्तानी गरेको छ । योजनाको लागत अनुमानमा नरहेको तथा खन्ने भन्दा पुर्ने काम वढी गरेको देखिएकोले उक्त कार्यको गलत मुल्याङ्कन गरी भुक्तानी भएको देखिएकोले नापजाँच गर्ने प्राविधिकलाई जिम्मेवार वनाई उक्त रकम असूल हुनुपर्ने रु | ४४८,३२२ |
| ८८ | १९७ | २०७९-२-१४ | **पार्वती माध्यमिक विद्यालय गोगनपानीः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिसँग भएको निर्माण कार्यको भुक्तानी गर्दा सम्झौता वमोजिम भएको कार्यको मुल्याङ्कनको आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकले विद्यालय भवन निर्माण गर्न लागत अनुमान रु.१८,७३,३६०।- भएकोमा पालिकाले रु.१४,६२,५००।- व्यहोर्ने गरी सम्झौता गरी उक्त कार्यको प्राविधिक मुल्याङ्कन रु.१८,०७,६७८।४२ पेश भए अनुसार उपभोक्ता समितिलाई रु.१४,०९,९८८।८४ भुक्तानी गर्नुपर्नेमा रु.१४,६२,५००।- भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.५२,५११।१६ सम्वन्धितवाट असूल हुनुपर्ने रु | ५२,५११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८९ | १७ | २०७८-६-२४ | **वडा नं ४ को भवनः**<br>आर्थिक वर्ष २०७७।७८ मा पूर्वाधार विकास कार्यालयबाट रु.२५ लाख लागतमा निर्माण भएको वडा कार्यालय भवनमा पालिकाले वाउण्ड्री वाल निर्माण गर्न रु.११,०९,७००।- को लागत अनुमान तयार गरी लाभग्राही सामुदायवाट रु.९,६१,०००।- भुक्तानी गरेकोमा पहिले नै कार्य सम्पन्न भएको भवनको पलाष्टरमा रु.३,१७,०६१।- तथा पनिङ्ग कार्यको रु.१५,८८४।- गरी रु.३,३२,९४५।- घर भित्रको नाँपजाच गरी भुक्तानी गरेकोले उक्त खर्च दोहोरो परेको देखिएकोले उक्त रकम भुक्तानी गर्नेवाट असूल हुनुपर्ने रु | ३३२,९४५ |
| ९० | | | **नन्फाइलरः**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सेरी दोबाटो देखि मण्डवी भैरव हुदै देउराली जाने सडक निर्माण वापत निर्माण व्यवसायी टी.एन.एस कन्स्ट्रक्सनलाई मूल्य अभिबृद्ध कर रु.१,६५,६६३।- समेत रु.१४,४०,०००।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्म कर विवरण नबुझाई नन् ्फाईलर रहेको पाइएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | १६५,६६३ |
| ९१ | | | **रितपूर्बकको कर बिजकः**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकामा सडक निर्माण गर्दा निर्माण व्यवसायी आयूश निर्माण सेवाले रङ्गिन विलको फोटोकपी प्रिन्ट विल पेश गरेकोले रित पूर्ककको कर वीजक बेगर मूल्य अभिबृद्धि कर रु.५५,६५२।- समेत रु.४,८३,७४८।- भुक्तानी लिएको देखिएकोले मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ५५,६५२ |
| ९२ | ७१ | २०७८-८-२८ | **साझेदारी कार्यक्रमः**<br>७१/०७८।८।२८ सार्वजनिक निकायले रकम खर्च गर्दा कानून तथा सम्झौता वमोजिम खर्च लेख्नुपर्दछ । एक पालिका एक पकेट उत्पादन कार्यक्रम अन्तर्गत पकेट परिचालन समिति र पशु सेवा कार्यालयले दुई पक्षीय सम्झौता गरी पालिकाले रु.६ लाख , पशु सेवा कार्यालयले रु.१९ लाख ७० हजार व्यहोर्ने गरी सम्झौता गरेको छ । दुई पक्षीय सम्झौता गरी तेस्रो पक्षले व्यहोर्ने रकम तोक्न मिल्ने आधार देखिदैन । यसरी सम्झौता नभएको कार्यक्रमको खर्च रु.४,३८,०००।- भुक्तानी दिने निर्णय गर्ने कार्यालय प्रमुखबाट उक्त रकम असूल हुनुपर्ने रु | ४३८,००० |
| ९३ | | | **बौद्ध प्राथमिक विद्यालय भवन निर्माणः**<br>विद्यालय भवन निर्माण गर्न लागत अनुमान रु.२०,८३,९२३।- रहेको कार्यमा उपभोक्ता समितिले रु.१,६३,९२३।- व्यहोर्ने गरी सम्झौता भएकोमा सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ९३.१ | | | **भुक्तानी बिल** : भवन निर्माण गर्न आवश्यक पर्ने जगा सम्याउन मेशिन प्रयोग गरी रु.१,५६,१५२।- भुक्तानी भएकोमा मेशिन प्रयोग विल वीजक पेश नभएकोले उक्त रकम मध्ये पालिकाले व्यहोर्ने ९२ प्रतिशत अर्थात रु.१,२८,०४४।- असूल हुनुपर्ने रु | १२८,०४४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९३.२ | | | **वढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्तालाई निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिकले तयार पारेको नाँपजाच तथा वास्तविक कार्यको आधारमा भुक्तानी गर्नुपर्दछ । उक्त विल भुक्तानी गर्दा Brick Masonary wall को २.०७ घनमिटर वढी नाँपजाच भएको देखिएकोले सो वापत भुक्तानी भएको रु.४०,७०७।०० असूल हुनुपर्ने रु | ४०,७०७ |
| ९४ | | | **कार्य सम्पन्न नभई भुक्तानीः**<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं ११ १ २ ४४५ को ८।२ मा भवन निर्माण अनुदान दिदाँ क्रमश ३०, ५०, २० प्रतिशत निकासा दिनुपर्ने र आषाढ १५ भित्र निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नु पर्ने व्यवस्था छ । तर मन्त्रालयले कोभिड १९ लगायत विविध कारण समयमा निर्माण कार्य सम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगति अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरिय निर्णय भएको जनाई च.नं. २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निर्माण कार्यको प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको छ । उक्त अनुदान रकमको तयार भएको कार्य सम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने रु. | ४,६४१,४४८ |

| क्र.स. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| 1. | श्री कृष्ण आधारभुत विद्यालय गुराँस ५, सानाकाँडा | २०६०३६२।०० |
| 2. | श्री शारदा आधारभुत विद्यालय गुराँस १, खड्कबाडा | २०६०३६२।०० |
| 3. | श्री सरस्वती माद्यमिक विद्याय गुराँस ३, पातिकान्ना | २६०३६२।०० |
| 4. | श्री गुराँस प्राथमिक विद्यालय गुराँस ५, रानिमत्ता | २६०३६२।०० |
| | जम्मा | ४६४१४४८।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९५</td><td></td><td></td><td>विशेष अनुदानः<br>सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने र एक आर्थिक वर्षमा सीमाभन्दा बढीको एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । प्रदेश सरकार विशेष अनुदानमा प्राप्त योजना खुल्ला बोलपत्रको माध्यमवाट निर्माण गर्नुपर्ने शर्त रहेको छ । पालिकाले दुर्गम वस्तिमा खानेपानी योजना विशेष अनुदानमा संचालन योजनामा बोलपत्र नगरी १ पटक सिलबन्दी दरभाउपत्र र ४ वटा सिधै खरिद विधिवाट पाईप खरिद गरेको छ । पालिकाले आपूर्तिकर्ता न्यू देउती जनरल एण्ड अर्डर सप्लायर्सवाट पटक पटक गरी रु.१२,२७,५२७।- को खरिद कार्य गरेको छ । पालिकाले खरिद गरेको पाइप कुनै स्थानमा जडान भएको प्रमाण संलग्न गरेको छैन । विशेष अनुदान संचालनको शर्त वमोजिम बोलपत्र नगरी सोझै पाइप खरिद गरेको तथा खरिद भएको पाईप जडान भएको नदेखिएको नियम विपरित खर्च भएको रकम जडान प्रमाण सहित नियमित भएको प्रमाण पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>भौचर नं</th><th>विवरण</th><th>सप्लायर्स</th><th>रकम</th></tr>
<tr><td>१३-०७९।३।१</td><td>पाईप खरिद</td><td>किस्टल प्रडक्ट प्रा ली</td><td>१६३९४७०</td></tr>
<tr><td></td><td>पाईप खरिद</td><td>न्यू देउती जनरल एण्ड अर्डर सप्लायर्स</td><td>१४३७२८</td></tr>
<tr><td></td><td>पाईप खरिद</td><td>न्यू बन्धु हार्डवेयर एपण्ड अर्डर सप्लायर्स</td><td>४५५९९९</td></tr>
<tr><td>१८-०७९।३।२१</td><td>पाईप खरिद</td><td>न्यू देउती जनरल एण्ड अर्डर सप्लायर्स</td><td>२८३४०४</td></tr>
<tr><td>२०-०७९।३।२४</td><td>पाईप खरिद</td><td>न्यू देउती जनरल एण्ड अर्डर सप्लायर्स</td><td>३४४३९६</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२८६६९९७</td></tr>
</table></td><td>२,८६६,९९७</td></tr>
<tr><td>९६</td><td></td><td></td><td>१५ शैया अस्पतालः<br>पालिकामा १५ शैया अस्पतालको निर्माणका लागि मूल्य अभिवृद्धि कर तथा प्रोभिजनल सम समेत रु.१८ करोड ४१ लाख १२ हजार लागत अनुमान तयार गरी बोलपत्र तयार गरी ठेक्का नं NCB/works/०६/०७७/७८ बाट बोलपत्र भएकोमा निर्माण व्यवसायी प्रतिष्ठा/मंगलदिप/नेपाल सोलुशन जे.भी. सँग २०८०।०८।३० सम्म रु.१२ करोड ५० लाख ९७ हजार मा सम्पन्न गर्न २०७८।१०।२० मा सम्झौता भई निर्माण सुचारु रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९६.१ | | | **निर्माण कार्यः** निर्माण व्यवसायीसँग २२ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा ११ महिना सम्म उक्त भवनको पेश्की रु.३ करोड १९ लाख ९ हजार र प्रथम रनिङ्ग विलको रु.३३ लाख १५ हजार समेत हाल सम्म रु.३ करोड ५२ लाख २४ हजार खर्च भएको छ । अस्पताल भवनको स्थलगत अनुगमन गर्दा निर्माण स्थल भर्खर मात्र जमिन सम्याउनको लागि माटो कटिङ्गको काम भईरहेको देखियो । फिलिङ्ग, स्टोन सोइलिङ्ग सहित डिपिसी सम्मको काम भएको नापी किताब तयार गरी रु.३३,१६,०९१।- प्रथम बिल भुक्तानी गरेकोमा माटो खन्ने भन्दा अरु केही काम भएको देखिएन । उक्त बिलमा कामनै नभएको रु.१०,७८,५८७।- को नाँप तयार गरी भुक्तानी दिएको देखियो । अस्पताल बनाउने उक्त स्थान एकान्त जंगलको तल पहिरो गइरहेको स्थानमा रहेको तथा बाटो, बिजुली, खानेपानी लगायत कुनै पनि पूर्वाधार नरेहेको स्थानमा भवन निर्माण स्थल छनौट भएको देखियो । भवन निर्माण गर्ने स्थानको वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत आयोजना प्रतिवेदन नभएबाट सो स्थानमा ठूलो संरचना निर्माण गर्न समेत उपयुक्त देखिदैन । अध्ययन बेगर ठेक्का सम्झौता भएको सन्दर्भमा छानविन गरी उपयुक्त निकासका आधारमा उक्त भवन निर्माण कार्यको निर्णय गर्नु आवश्यक देखिन्छ । भौगोलिक अवस्थितिको अध्ययन गरी माटो परीक्षण समेतको आधारमा मात्र संरचना निर्माण गर्नुपर्नेमा पूर्व तयारी वेगर ठेक्का कागजात बनाई सम्झौता गर्ने प्रमुख प्रशासकीय अधिकृत र प्राविधिकलाई नियमानुसार कारवाही गरी उक्त सम्झौता रद्द गरी भुक्तानी भएको रकम नियमानुसार फछर्यौट गरी निर्माण कार्य सम्बन्धमा पुनर्बिचार गर्नुपर्ने देखिन्छ ।   | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ९६.२ | | | **पेश्की नजनाई खर्चः** सम्झौताको सामान्य शर्तको ५७.१ मा निर्माण कार्यको ५/५ प्रतिशत गरी १० प्रतिशत सम्म पेश्की दिने शर्त रहेकोमा पालिकाले पहिलो किस्ता रु.२,२५,०९,७०७।- र दोस्रो किस्ता रु.९४,००,०००।- समेत रु.३,१९,०९,७०७।- पेश्की नजनाई खर्च नै लेखेको छ । सो पेश्कीको जमानत क्रमशः २०७९।४।३ र २०७९।०५।१० मा नै समाप्त भए पनि हालसम्म पेश्की फछ्र्यौट भएको नदेखिएकोले उक्त पेश्की जोखिममा परेको छ । सम्झौता भन्दा वढी पेश्की दिएको रु.१,९३,९९,९३६।- को निमानुसार १० प्रतिशत हर्जना समेत लगाई असूल गर्नुपर्ने र बाँकी रकम समेत असुल/फछ्र्यौट भएको प्रमाण पेश हुनुपर्ने रु | ३१,९०९,७०७ |
| ९६.३ | | | **मूल्य अभिवृद्धि करः** मूल्य अभिबृद्धि नियमावली, २०५३ नियम ६(ग) मा सार्वजनिक निकायले मूल्य अभिबृद्धि करको भुक्तानी गर्दा ३० प्रतिशत रकम कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । निर्माण कार्यको प्रथम रनिङ्ग विल वापत मूल्य अभिवृद्धि कर रु.३,०३,३८२।- समेत रु.३३,१५,०९१।- भुक्तानी भएकोमा उक्त विल कम्प्युटर प्रिन्ट नम्बर राखि पेस गरेको साथै नियमानुसार ३० प्रतिशत अग्रिम कट्टा गरी कार्यालयबाटै दाखिला गर्नुपर्नेमा सो गरेको नदेखिएकोले मूल्य समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु... | ३०३,३८२ |
| ९६.४ | | | **धरौटीः** निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार भुक्तानीमा ५ प्रतिशत धरौटी कट्टा गरी भुक्तानी गर्नुपर्नेमा उक्त विल भुक्तानी गर्दा धरौटी रु.१,५०,५८५।४५ कट्टा नगरी पुरै भुक्तानी गरेकोले संझौता पालना भएको देखिएन । संझौताको पालना गरी धरौटी हिसाव नियमित गर्नुपर्दछ । | |
| ९६.५ | | | **फिलिङ्ग कार्यको नाँपः** निर्माण कार्यको भुक्तानी प्राविधिकको नाँप अनुसार गर्नुपर्नेमा फिलिङ्गको काम वापत १७०८.८६ घनमिटरको प्रति घनमिटर रु.८०।- को दरले रु.१,३६,७०८।८० भुक्तानी भएकोमा नाँप बेगर भुक्तानी सिफारिस गर्ने प्राविधिकलाई जिम्मेवार बनाई उक्त रकम असूल गर्नुपर्ने रु | १३६,७०८.८ |
| ९६.६ | | | **वीमा भुक्तानीः** निर्माण व्यवसायीसँग भएको सम्झौताको सामान्य शर्तको १९.१ अनुसार वीमा प्रमाण पेश भएकोमा मेशिन औजारको रु.१ करोड र मालसामानको रु.१० लाख वीमा गरेको छैन । निर्माण कार्यका लागि १६ डिसेम्बर २०२३ सम्म निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएकोमा वीमा अवधि १६ डिसेम्बर २०२४ सम्म रहेको छ । प्रोभिजनल समबाट रु.६ लाख ७८ हजार भुक्तानी भएकोमा रु.६,४७,०७६।- को विल संलग्न गरी पुरा रकम भुक्तानी भएको देखिएकोले शर्त बमोजिम थप वीमा गरेको प्रमाण संलग्न गरी वढी भुक्तानी गरेको रु.३०,९२४।- असूल गर्नुपर्ने रु | ३०,९२४ |
| ९७ | | | **लागत सहभागिताः**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९८ | | | **सव कन्ट्याक्टर वाट कार्य गराएकोः** | |
| ९८.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३)क अनुसार उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराउने सूचना प्राप्त भएपछि समितिसँग सम्झौता तोडी वाँकी ऐन र नियमावली अनुसार गराउनुपर्ने उल्लेख छ । पालिकाले दुई उपभोक्ता समितिलाई दिएको कार्यको लागत अनुमान शत प्रतिशत मेशिनवाट गर्ने गरी तयार गरेको र उपभोक्ताले उक्त कार्य निर्माण व्यवसायी गुराँस निर्माण सेवा र टि. एन. एस. कन्स्ट्रक्सनवाट गराई कर वीजक पेश गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरित पालिकाको सहमतिमा भएको देखिएको जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाई नियमित गर्नपर्ने देखिएको रु | २,८५७,३०१ |
| ९८.२ | | | **वढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने उल्लेख छ। देहायका उपभोक्ता समितिले पालिकासँग संझौता गरी बाटो बनाउने काम आफै नगरी देहायका निमार्ण व्यवसायीबाट काम गराएको देखियो । साथै पालिकाले तयार गरेको कार्य बिल एवम् कार्य सम्पन्न प्रतिवेदनमा उपभोक्ताले श्रम प्रयोग गरेको देखिन आएन । सम्झौता अनुसार वास्तविक खर्चको लाभग्राहीले व्यहोर्ने अनुपातको रकम उपभोक्ताले व्यहोर्नु पर्नेमा उपभोक्ताको अंश कट्टी नभएको हुँदा उपभोक्ताको अनुपातिक कट्टी गरी उपभोक्ताको अंश रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु. | ५०२,६९९ |

| सि नं | योजना | लागत अनुमान | अनुदान | निर्माण व्यवसायी | विल तथा भुक्तानी | लागत सहभागी हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| १ | गुरासे कुमखोला देवी सेरी जोड्ने सडक | २२८१७३१ | १९२०००० | गुराँस निर्माण सेवा | १९२०००० | २८६६९९ |
| २ | सेरी दोबाटो देखी मण्डली भैरब हुदै देउराली जाने सडक | १६९०८२४ | १४४०००० | टि एन एस कन्स्ट्रक्सन | १४४०००० | २१६००० |
| | | जम्मा | | | ३३६०००० | ५०२६९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९९ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नाँपजाचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| १०० | | | **सि.सि.टि.भि खरिद :**<br>मुख्यमन्त्री आयोजना अन्तर्गत प्राप्त रकम मुख्य मन्त्री रोजगार कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्दछ । पालिकाले मुख्यमन्त्री कार्यक्रम अन्तर्गत कन्टिजेन्सीबाट रु.३,२२,५९२।- सि.सि.टि.भि. खरिदको लागि प्रयोग गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १०१ | | | **मुख्यमन्त्री रोजगार कार्यक्रमः**<br>मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा १८ वटा योजना सञ्चालनमा रु.२ करोड ७५ लाख ५० हजार खर्च हुनुको साथै ३५७ जनाले रोजगारी प्राप्त गरेका छन । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः | |
| १०१.१ | | | **सामाग्री खरिदः** कर्णाली राजमार्ग देखि बुडिरा हुदै गौरबमार्ग सडक निर्माण निर्माणको लागि ३*१*१, २*१*१ र १.५*१*१ को ग्याविन जाली खरिदको लागि पालिकाले मेशिन मेड दरमा लागत अनुमान तयार गरेको छ । उपभोक्ताहरुले ग्याविन जाली मेहेण्डमेड खरिद गरेको देखिन्छ । ग्याविन जालीको गुणस्तर परीक्षण पालिकाले गरेको छैन । उपभोक्ता समितिले रु.५,०५,४५६।९ को बिल पेश गरेकोमा पालिकाले सो सामाग्री वापत रु.६,३८,१८२।४८ भुक्तानी गरेको छ । जाली खरिद गरेको बिल भन्दा रु.१,३२,७२५।५८ बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु. | १३२,७२५.५८ |
| १०१.२ | | | **आयोजनाको अनुगमनः** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ८ बमोजिम आयोजनाको कम्तिमा दुई पटक अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको दुई पटक अनुगमन भएको छैन । कार्यविधिले तोके बमोजिम कम्तिमा दुई पटक अनुगमन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०१.३</td><td></td><td></td><td>सार्वजनिक लेखापरीक्षणः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सूचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०१.४</td><td></td><td></td><td>जिन्सी सामाग्री : मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमा प्रयोग भएका जिन्सी मालसामानहरु आयोजना समाप्ति पश्चात पालिकामा दाखिला गर्नुपर्दछ । पालिका अन्तर्गत सञ्चालित केहि आयोजनाको परीक्षण गर्दा आयोजनामा प्रयोग भएका जिन्सी सामाग्री पालिकामा दाखिला भएको देखिदैन । तसर्थ आयोजनाको समाप्ति पश्चात प्रयोग भएका जिन्सी मालसामान पालिकामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>योजना</td><td>औजार विवरण</td><td>औजार रकम</td></tr>
<tr><td>कर्णाली राजमार्ग देखि बुडिरा हुदै गौरबमार्ग सडक निर्माण</td><td>वेल्चा, सावेल, गैटी, घन</td><td>१९१९०</td></tr>
<tr><td>टोटेपोखरा टोलको घुम्ती देखि दशेरा पिकनिक स्पोट सम्म सिमिन्टेड वाल तथा रेलिङ्ग निर्माण</td><td>वेल्चा, सावेल, गैटी, घन</td><td>३३६८१</td></tr>
<tr><td>जम्मा</td><td></td><td>५२८७१</td></tr>
</table></td><td>५२,८७१</td></tr>
<tr><td>१०१.५</td><td></td><td></td><td>श्रमिक ज्याला तथा सामग्री लागत अनुमानः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ७ बमोजिम आयोजना सञ्चालन गर्दा श्रमिकको ज्याला तथा सामग्री लागत अनुपात अनुसुची-५ बमोजिम हुने व्यवस्था छ । पालिकामा यस वर्ष सञ्चालित केही आयोजनाको नमुना परीक्षण गर्दा देखिएका उदाहरणमा देहायबमोजिम श्रमिक ज्याला तथा सामग्री लागत अनुपात फरक देखिन्छ । साथै आयोजनासँग असम्बन्धित सामाग्रीहरु समेत खरिद गरेको देखिन्छ ।
<table>
<tr><td>आयोजना</td><td>श्रमिक खर्च</td><td>श्रमिक प्रतिशत</td><td>सामाग्रि खर्च</td><td>सामाग्रि प्रतिशत</td></tr>
<tr><td>कर्णाली राजमार्ग देखि बुडिरा हुदै गौरबमार्ग सडक निर्माण</td><td>१२४६३२०</td><td>६५</td><td>६५९०३२</td><td>३५</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०२ | | | **सामाजिक सुरक्षा भत्ताः**<br>**सामाजिक सुरक्षा भत्ताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम पालिकाले ८ वडामा प्रभु वैक मार्फत ४२५१ जना लाभग्राहिलाई ४ त्रैमासिक रु. ८ करोड ६० लाख भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः | |
| १०२.१ | | | **नविकरणः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४(५) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची-३ बमोजिमको ढाचाँमा राख्नुपर्ने व्यवस्था छ। साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो ढाँचामा अभिलेख राखेको देखिएन ।<br><br>**लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। पालिकाले अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै मुल अभिलेख राखेको देखिएन।<br><br>**लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुँदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन ।<br><br>**सार्वजनिक सुनुवाई र अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै बनाउनुपर्दछ । साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।<br><br>**पारदर्शिता कामय गर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय स्थानिय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा ३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ । पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन । | |
| १०२.२ | | | **पार्किङ्ग खाताः** सामाजिक सुरक्षा भत्ता प्रभु वैङ्कबाट वितरण भएकोमा बाँकी रु.९,१०४।०० सञ्चित कोषमा फिर्ता हुन बाँकी रहेकोले फिर्ता गरी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु. | ९,१०४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०२.३ | | | **राउटे समुदायलाई भत्ता वितरणः** पालिकाले लोपउन्मुख राउटे समुदायलाई लोप हुनबाट बचाउने सरकारको नीति अनुरुप समुदायका १४३ जनालाई प्रतिव्यक्ती मासिक रु.४ हजारका दरले भत्ता रु.६८,६४,०००।–वितरण गरेको छ। राउटे समुदायका व्यक्तिको नागरिता लगायत पहिचान गर्ने प्रमाण नहुनुको साथै उनिहरुले आफ्नो नाम समेत फरक फरक बताउने हुँदा भत्ता वितरण कार्यमा असहजता देखिएको छ। राउटेहरुको जनसंख्या गत वर्षभन्दा घट्दै गएको कारण सो उद्देश्यमा तादम्याता देखिदैन । तसर्थ उनिहरुको संरक्षणको लागि भत्ता वितरणले मात्रै प्रभावकारीता हासिल नहुने निश्चित देखिएको हुदा उपयुक्त विकल्पको परिचान गरी संरक्षणमा जिम्मेवार निकाय क्रियाशिल हुनुपर्दछ। | |
| १०३ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३,८६,९१,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।०७९ मा रु.५४,३१,४२४।०१ अर्थात अनुमानको १४.०४ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १०४ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।०७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>६११६०६२२०।१८</td><td>५४३१४२४</td><td>०.८८</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १०५ | | | **कर तथा शुल्क असुलीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><table><tr><td>राजस्व उपशीर्षक</td><td>अनुमानित बजेट</td><td>प्राप्त रकम रु.</td></tr><tr><td></td><td></td><td></td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | | |
| | | | | ११११३१ सम्पत्ती बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ५००००००. | १८१३८९१.२४ | | |
| | | | | ११३२१ घरवहाल कर | १०००००० . | १३२५३५.३ | | |
| | | | | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ३८११७५००. | ५३३१२२५२.६ | | |
| | | | | ११४२१ बाँडफाँड भर्इ प्राप्त हुने अन्त:शुल्क | ३८११७५००. | २०७७४०७९.५३ | | |
| | | | | ११४५१ सवारी साधन कर (साना सवारी) | ५०,०००.०० | ० | | |
| | | | | ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ३४०००००. | ० | | |
| | | | | ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १२०००००. | ११२९२८७.५७ | | |
| | | | | ११६३२ अखेटोपहारमा लाग्ने कर | १००००० . | ० | | |
| | | | | ११६९१ अन्य कर | ६०००००. | ० | | |
| | | | | जम्मा कर राजस्व | ८७५८५०००. | ७७१६२०४६.२४ | | |
| | | | | १४१२३ औद्यौगिक निकायबाट प्राप्त लाभांश | ० | ० | | |
| | | | | १४१९१ पर्यटन शुल्क | १०००००. | ० | | |
| | | | | १४२१८ विद्युत सेवा शुल्क | ५००००००. | ० | | |
| | | | | १४२४२ नक्सापास दस्तुर | ० | ० | | |
| | | | | १४२४३ सिफारिश दस्तुर | १५०००००. | ७२६६७४.५६ | | |
| | | | | १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | | |
| | | | | १४२४५ नाता प्रमाणित दस्तुर | ० | ० | | |
| | | | | १४२४९ अन्य दस्तुर | ० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५०००००. | ११८५८०. | | |
| | | | | १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ३०५००००. | १३५४५००. | | |
| | | | | १४२६५ अन्य क्षेत्रको आय | १४०९१०००. | १२६५८८३.२ | | |
| | | | | १४३११ न्यायिक दण्ड जरिवाना र जफत | १०००००. | ० | | |
| | | | | १४५२९ अन्य राजस्व | ३२०००००. | ७७९९५४३.१८ | | |
| | | | | जम्मा गैर कर राजस्व | २८५४१०००. | ११२६५१८०.९४ | | |
| | | | | जम्मा आन्तरिक राजस्व | ११६१२६०००. | ८८४२७२२७.१८ | | |
| | | | पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | | | | | |
| १०६ | | | **आन्तरिक आम्दानीः**<br>कार्यालयले जिन्सी किताबमा गत वर्षको बाँकी, यस वर्षको खरिद, खर्च र बाँकी नगदी रसिदको अभिलेख राख्नुपर्ने र जिन्सी किताबाट खर्च लेखेको रसिद नियन्त्रण खातामा आम्दानी जनाई सम्बन्धित वडा कार्यालयमा आम्दानी रकम उठाउने कर्मचारी जिम्मामा देखिने गरी नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने र वर्षान्तमा कारोवार बन्द भएपश्चात खर्च गर्न बाँकी रसिद फिर्ता गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ । यस वर्ष पालिकाले आन्तरिक आम्दानी रु.५३,०५,९६,९३४.१८ गरेको मध्ये सफ्टवेयर (अनलाईन)बाट नगरी नगदी रसिद प्रयोग गरी असुल गरेकोमा प्रयोग भएका नगदी रसिद लेखाङ्कन गरेको म.ले.प.फा.नं. १०५ र १०८ पेश नभएको र रसिद नियन्त्रण खातामा लेखाङ्कन गरी रसिद प्रयोग गरेको नदेखिएको र समयमा बैक दाखिला समेत नभएकाले आम्दानी भएको रकम यकिन गर्न नसकिने हुँदा पालिकाले यकिन गर्नुपर्दछ। | | | | | |
| १०७ | | | **दहत्तर बहत्तरः**<br>पालिकाले आफ्नो क्षेत्रभित्रका नदीबाट EIA प्रतिवेदनका आधारमा नदीजन्य पदार्थ ( ढुगा, गिटि, बालुवा र ग्राभेल आदि) उत्खनन गरी आन्तरिक राजश्व संकलनका लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्था छ । पालिकाले दहत्तर बहत्तर ठेक्का आव्हान गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १०७.१ | | | GRM/०१/०७८/०७९ कर्णाली नदी र लोहोरे खोला तल्लो डुङ्गेश्वर क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा ग्राभेल उत्खनन, संकलन तथा विक्री वितरणको लागि रु. १६,६०,०००।-(मुल्य अभिवृद्धि कर बाहेक) लागत अनुमान गरेकोमा सवैभन्दा बढी कवोल गर्ने निर्माण व्यवसायी आर.के.कन्ट्रक्सनसँग रु. ३०,५०,०००।०० (मुल्य अभिवृद्धि कर बाहेक) मा संझौता गरेकोमा ठेक्काको लागत, बोलपत्रदाताले कवोल गरेको कागजात लेखापरीक्षणको लागि पेश हुन आएन । पालिकाले आर.के.कन्ट्रक्सनसँग सम्झौता गर्दा धरौटी तथा जमानत नलिई संझौता गरेको हुँदा धरौटी वेगर संझौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । आर.के.कन्ट्रक्सनले पहिलो किस्ता वापत रु.१२,०२,०००।- (मुल्य अभिवृद्धि कर बाहेक) मात्र पालिकाको नाममा जम्मा गरेको छ । दोस्रो र तेस्रो किस्ताको साथै मुल्य अभिवृद्धि कर वापत रकम सहितको रु.२२,४४,५००।०० जम्मा गर्न बाँकी र ढिलाई वापत लाग्ने १० प्रतिशत हर्जाना सहित गणना गरी असुल गर्नुपर्ने रु. | २,४६८,९५० |
| १०७.२ | | | **मूल्य अभिवृद्धि कर दाखिला** : पालिकाले कर्णाली नदी र लोहोरे खोला तल्लो डुङ्गेश्वर क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन, संकलन तथा विक्री वितरणको लागि रु. ३० लाखा ५० हजारमा संझौता गरेको छ । पालिकाले दहत्तर वहत्तर वापत रु.३,९६,०००।- मूल्य अभिवृद्धि कर प्राप्त गरेको छैन । प्राप्त गर्न बाँकी मूल्य अभिवृद्धि कर संघीय संचित कोष दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. | ३९६,००० |
| १०७.३ | | | **कालो सुचीः** (GRM/०२/०७८/०७९) सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६३ को १(ख) मा दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनौट भएको वोलपत्रदाता वा प्रस्तावदाता खरिद सझौता गर्न नआएमा कालो सूचीमा राख्नको लागि सार्वजनिक खरिद कार्यालयमा लेखि पठाएको आधारमा सार्वजनिक खरिद कार्यलयले एक देखि तीन वर्षसम्म कालोसूचीमा राख्ने व्यवस्था छ । पालिकाले सिस्नेरी खोला क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन र घाटगद्दी गरी विक्री वितरणको लागि रु.५०,०००।-(मूल्य अभिवृद्धि कर बाहेक) लागत अनुमान तयार गरी सूचना आव्हान गरेको छ । न्यु दिपक निर्माण सेवा, सुर्खेतले रु.५१,०००।-(मुल्य अभिवृद्धि कर बाहेक) मा कवोल गरेकोमा पालिकाले दरभाउपत्र स्वीकृतिको लागि आशयको सूचना जारी गरेकोमा संझौताको लागि आएको देखिदैन । तसर्थ उक्त निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने प्रकृया पुरा गरेको प्रमाण पालिकाले पेस गर्नुपर्दछ । | |
| १०७.४ | | | पालिकाले पराजुली खोला क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन र घाटगद्दी गरी विक्री वितरणको लागि मुल्य अभिवृद्धि कर बाहेक रु.५०,०००।- लागत अनुमान तयार गरी सूचना आव्हान गरेकोमा कुनैपनि वोलपत्रदाताले वोलेपत्र पेश गरेको देखिदैन । सो पश्चात पालिकाले थप सूचना आव्हान गरी राजस्व संकलनमा प्रयास नगरेको कारण पालिकाको रु.५०,०००।०० आम्दानी गुमेको छ । तोकिएको प्रक्रिया पुरा गरी आयको स्रोत पहिचान गरी आम्दानी बढाउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०८ | | | **परीक्षा खर्चः**<br>रोजगार सेवा केन्द्र सुदृढीकरणको लागि कम्प्युटर प्रिन्टर लगायत पूँजीगत प्रकृतिका कार्यक्रममा खर्च गर्न प्राप्त बजेटबाट संयोजकले रु.५० हजार पेश्की लिई रोजगार सहायक छनौट, प्रश्न पत्र निर्माण, परीक्षा संचालन तथा छनौट समितिको भत्ता वितरण जस्ता चालु प्रकृतिको खर्च लेखेको छ । बेरोजगार निबेदन फर्म र डोर हाजिरी छपाईमा रु.१३,०००।- खर्च गरेको बाहेक सो रकम फछ्र्यौट हुने आधार नदेखिएकोले पेश्की लिनेबाट असुल गरी संघीय सञ्चितकोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु | ३७,००० |
| १०९ | | | **सशर्त अनुदान रकमान्तरः** | |
| १०९.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षमा खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले सङ्घीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले सशर्त अनुदान अन्तर्गत निम्न कार्यक्रमको लागि हस्तान्तरण भएको रकम उक्त कार्यक्रममा खर्च नगरी उद्देश्य विपतरित निम्न भौचरबाट खर्च गरेको देखिएकोले उक्त रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने अन्यथा कार्यविधिको नियम ४५(३) बमोजिम समानीकरण अनुदानबाट कट्टा गर्नुपर्ने रु | ७,५६१,३८३ |

| क्र सं | खर्च गर्नुपर्ने कार्यक्रम | खर्च गरेको शिर्षक | रकम |
|---|---|---|---|
| ३५ | रोजगार सेवा केन्द्रको संचालन (अनुगमन सञ्चार स्टेशनरी मर्मत तथा अन्य) | घरभाडा | १७८२०० |
| ३५ | मसलन्द खरिद (सेवाकेन्द्र सञ्चालनार्थ) | घरभाडा | १९९४५ |
| ४९ | गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी र एड्भान्स सीप विकास तालिम कार्यक्रम ) | गत वर्ष भुक्तानी (कर्णाली एग्रिकल्चर सप्लायर्स, टि.डी डेकोर हाउस र डि.एस. भाडा पसल) | ४९६३४१ |
| ५१ | गुनासो सुनुवाई अधिकारी | भ्रमण खर्च | ५५००० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ९२ | गुनासो सुनुवाई अधिकारी | भ्रमण खर्च | २८७२२ | |
| | | | ९३ | गुनासो सुनुवाई अधिकारी | भ्रमण खर्च | ६९७८ | |
| | | | ९५ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | कोभिड सुरक्षा सामाग्री खरिद | ४९९५०० | |
| | | | ९६ | गुनासो सुनुवाई अधिकारी | इन्धन कार्यालय प्रयोजन | ९३०० | |
| | | | ९६ | रोजगार सेवा केन्द्रको संचालन (अनुगमन सञ्चार स्टेशनरी मर्मत तथा अन्य) | इन्धन कार्यालय प्रयोजन | ५८०० | |
| | | | ९६ | मसलन्द खरिद (सेवाकेन्द्र सञ्चालनार्थ) | इन्धन कार्यालय प्रयोजन | ३४६०५ | |
| | | | ९६ | मेशिनरी औजार तथा फर्निचर मर्मत सम्भार ( सेवा केन्द्र संचालनार्थ) | इन्धन कार्यालय प्रयोजन | ४२३८३ | |
| | | | ९७ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | सवारी साधन भाडा | ९६००० | |
| | | | १५० | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | विभिन्न अत्यावश्यक स्वास्थ्य सामाग्री खरिद | ९४१४७१ | |
| | | | १५२ | मातृ तथा नवशिशु कार्यक्रम | औषधि खरिद खर्च | १४६९४१ | |
| | | | १ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा | औषधि खरिद खर्च | ५३६ | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ५२ | , न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | | ७९ | |
| | | | १५९ | उद्यम विकास सहजकर्त पारिश्रमिक र विविध | भ्रमण खर्च | १५६०० | |
| | | | १६० | अन्य विविध खर्च (Periodic meeting cost of LGPCC) | भ्रमण खर्च | ११६०० | |
| | | | १६१ | मेशिनरी औजार तथा फर्निचर मर्मत सम्भार ( सेवा केन्द्र संचालनार्थ) | सवारी साधन मर्मत खर्च | ४१६१७ | |
| | | | १६१ | अन्य विविध खर्च- Mobilization of CSOs, Cive Groups, NGOs for increased social accountability | सवारी साधन मर्मत खर्च | ३१३८३ | |
| | | | १६५ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | अत्यावश्यक सेवाका लागि औषधि खरिद खर्च | ४६९००० | |
| | | | १६७ | तोकिएका विद्यार्थीको दिवा खाजाको लागि विद्यालयलाई अनुदान | करार सेवा शुल्क (शिक्षा) | १८७७५४४ | |
| | | | १६७ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | करार सेवा शुल्क (शिक्षा) | ६२६००० | |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | १६८ | प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन थप अनुदान | करार सेवा शुल्क (शिक्षा) | १०५५०० | |
| | | | १६८ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | करार सेवा शुल्क (शिक्षा) | २०००० | |
| | | | १६८ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | करार सेवा शुल्क (शिक्षा) | १००००० | |
| | | | १६८ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षा सिकाइ सामाग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | करार सेवा शुल्क (शिक्षा) | २८३१०० | |
| | | | १६८ | सार्वजनिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैर आवासीय) | करार सेवा शुल्क (शिक्षा) | ४८३००० | |
| | | | १६८ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | करार सेवा शुल्क (शिक्षा) | ७८१७४ | |
| | | | १६८ | तोकिएका विद्यार्थीको दिवा खाजाको लागि विद्यालयलाई अनुदान | करार सेवा शुल्क (शिक्षा) | ८०४००० | |
| | | | | जम्मा | | ७५६१३८३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| १०९.२ | | | **कार्यक्रम संशोधनः** पालिकालाई शसर्त तर्फको कार्यक्रबाट वडा नं ४ मा सिंचाइ पोखरी निर्माणको लागि रु.२५ लाख विनियोजन भएकोमा कार्यपालिकाको निर्णयले उक्त रकम रु.५ लाखका दरले पेटारी, सिमा पोखरी, सिपाकोट पोखरी, कालमुडा र काफले गैरा सिंचाइ पोखरी निर्माणमा खर्च गरेको छ । संघीय कार्यक्रमको लागि प्राप्त बजेट पालिकाबाट कार्यक्रम खर्च बनाई खर्च गर्ने अधिकार कार्यपालिकालाई प्रचलित ऐन कानूनले दिएको छैन् । योजना यकीन नभएपछि खर्च नभई फ्रिज गर्नुपर्ने रकम पालिकाको निर्णयबाट खर्च गरेकोले सो रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु | २,५००,००० |
| १०९.३ | | | **सशर्त कार्यक्रमबाट फिल्ड भत्ताः** सेवा करारमा कार्यरत निम्न कार्मचारीलाई पालिकाले निर्णय गरी सशर्त अन्तर्गत पालिका स्वास्थ्य, अस्पताल आयुर्वेद साझेदारी र अन्य कर्मचारी कार्यक्रमबाट निम्न बमोजिम फिल्ड भत्ता भुक्तानी गरेको देखियो । सशर्त कार्यक्रमको रकम पालिकाले निर्णय गरी फिल्ड भत्ता लेख्न नमिल्ने भएकोले उक्त रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु | १००,००० |

| नाम | पद | दर | महिना | जम्मा भुक्तानी |
|---|---|---|---|---|
| धिरेन्द्रजँग शाही | प्राविधिक सहायक | १०००० | ६ | ६०००० |
| विशाल विक | प्राविधिक सहायक | १०००० | ४ | ४०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११० | १७४ | २०७९-१-२२ | **राउटे समुदायलाई बाख्रा वितरणः**<br>कुनै पनि कार्यक्रम सञ्चालन गर्नुपूर्व त्यसको उपादेयता, लाभ-लागत विश्लेषण, लक्षित वर्गमा पार्ने प्रभावलाई विचार गरी सञ्चालन गर्नुपर्दछ। राउटे समुदाय निश्चित समय तथा घटना प्रश्चात अर्को स्थानमा बसाई सराई गरी बसोवास गर्ने विशेषता भएको लोपउन्मुख जात हो। पालिकाले सामाजिक सेवा केन्द्रको साझेदारीमा रु.४,००,०००।- खर्च गरी ४५ वटा बाख्रा राउटे समुदायलाई वितरण गरेको जनाएको छ । उक्त कार्य २०७६ सालमा सञ्चालन भएको, साझेदारको लागत सहभागिता नरहेको, राउटे समुदायलाई वितरण गर्दा जीवनस्तरमा सुधार नहुने देखिएकोले औचित्यपूर्ण नदेखिएकोले यस्तो संझौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने रु. | ४००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १११ | | | **गरिवसँग विश्वेश्वरः**<br><br>सामाजिक परिचालनका माध्यमबाट विपन्न परिवारलाई संगठित गरी स्थानीय मानव संशाधनको विकास गरी सामाजिक पुजीको विकास गर्न गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६ जारी भएको छ।कुल खर्च रु. ४,६४,०००।०० मध्ये २ लाख ४० हजार सेरवाडा सामुदायिक भवन, शौचालय र लालिगुरास महिला सामुदायिक भवन को शौचालय मर्मतमा खर्च गरेको छ ।यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छः- | |
| १११.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार भुक्तानी दिनुपर्नेमा सेरिवाडा सामुदायिक भवनको शौचालय प्लाष्टर लगायतको काम गरी रु.९६ हजार भुक्तानी गरेकोमा चौकोशको काठ रु.१६,५१६।- भुक्तानी गरेकोमा सोको नाँप शून्य देखाई भुक्तानी गरेको छ भने शौचालयसँग असम्बन्धित प्लाष्टिक कुर्सी र कुशन खरिद वापत रु.१० हजfर खर्च लेखेको छ । नाँप नमिलाई विल तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाई उक्त रकम असूल गर्नुपर्ने रु | २६,५१६ |
| १११.२ | | | लालिगुरास महिला समुह शौचालयको प्लाष्टर लगायतको काम गरी रु.१ लाख ४४ हजार भुक्तानी गरेकोमा प्लाष्टरको काममा ढोकाको नाँप घटाउनुपर्नेमा जोडेर परिमाण गणना गर्दा ८.१ घन मिटरको प्रति घनमिटर रु.३७५।- का दरले र सोहि नाँप अनुसार पेन्टिङ्ग कार्यको प्रति घनमिटर रु.३४।- का दरले रु.२७५।४० समेत रु.३,३१०।- वढी भुक्तानी भएको देखिएकोले उक्त रकम गलत नाँप उठाई विल तयार गर्नेबाट असुल गर्नुपर्ने रु | ३,३१० |
| ११२ | | | **अमानतबाट कामः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ वमोजिम सार्वजनिक निकायले अमानतबाट काम गराउन एक तह माथिको पदाधिकारीको पूर्व स्वीकृति लिई गर्नुपर्ने छ । तथा सोही नियमको उपनियम २ मा प्राविधिक सेवा तथा निर्माण सामाग्री यसै ऐन नियमावलीको प्रकृया वमोजिम खरिद गरी ज्यालामा काम गराउनु पर्ने उल्लेख छ र उपनियम ३ मा एक लाख रुपैंयामा नबढाई निर्माण कार्य गर्नुपर्दछ । पालिकाले वडा सचिवहरुलाई विभिन्न योजना निर्माण तथा मर्मत वापतको रकम पेश्की उपलब्ध गराईएको देखिन्छ । पालिकाले निर्माण योजना निर्माणको कार्यको लागत अनुमान तयार नगरी रु.१ लाख भन्दा वढीको पेश्की वडा सचिवहरुलाई दिएको पेश्की वाँकीको विवरणमा समेत देखिएकोले नियमावली विपरित पेश्की दिने निर्णय गर्ने तथा पेश्की लिने कर्मचारीलाई जिम्मेवार वनाउनु पर्दछ । कर्मचारीलाई पेश्की दिएको केही उदाहरण निम्नानुसार छन ।<br><br>भौचर नं – पेश्की लिने – रकम<br>७८ – खेमराज उपाध्याय – १५००००<br>७८ – सुन्दर ब. बि.सी – ६६००००<br>९८ – – २००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ७८ | दल बहादुर बि सी | ७४०००० | | |
| | | | | ९८ | | २५०००० | | |
| | | | | ७८ | तारा कुमारी खाँण | ८००००० | | |
| | | | | ९८ | | ३००००० | | |
| | | | | ७८ | डिल्लीराम तिमिल्सेना | १००००० | | |
| | | | | ९८ | | ३००००० | | |
| | | | | ७८ | नमिता कुमारी शर्मा | ५२५००० | | |
| | | | | ९८ | | ३२५००० | | |
| | | | | ७८ | नगेन्द्रपाल थापा | ८५५००० | | |
| | | | | ९८ | | ३००००० | | |
| | | | | ९८ | सुस्मिता कु. खड्का | ३५०००० | | |
| ११३ | ६५ | २०७८-८-२३ | **विधुत मर्मतः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९(५) वमोजिम विल भरपाई सहित खर्च लेख्नुपर्दछ । पालिकाले नेपाल विद्युत प्राधिकरणलाई विद्युत मर्मत वापत रु.१,७१,८०६।- अग्रिम भुक्तानी गरेकोमा सोको पेश्की नजानाएको तथा खर्चको विलभरपाई पेस नभएकोले उक्त कार्यको खर्चको विल भरपाई सहित कार्य सम्पन्न पेस हुनुपर्ने रु | | | | | १७१,८०६ |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११४ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ। | |
| ११५ | ३५ | २०७८-७-८ | **पेश्की नजनाई खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९(५) वमोजिम विल भरपाई सहित खर्च लेख्नुपर्दछ । प्रमुख प्रशासकीय अधिकृत दिपक कुमार आचार्य सामान्य प्रशासन मन्त्रालय काठमाडौं जान पेश्की माग गरेकोमा उक्त रकम भुक्तानी गर्दा पेश्की नजनाई खर्च लेखेको देखिएको तर विल भरपाई पेश नभएकोले भ्रमण गरेको प्रमाण तथा विलभरपाई पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु | ५०,००० |
| ११६ | | | **पेश्की लगतः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(१) वमोजिम सरकारी कामकाजको लागि दिएको पेश्की सोही आर्थिक वर्ष भित्र फस्र्योट हुन नसकेमा अर्को आर्थिक वर्षमा जिम्मेवारी लगत राख्ने र फस्र्योट गर्नुपर्दछ । पालिकाले भौचर नं ८७ मिति २०७८।९।३० वाट सुस्मिता कुमारी खड्कालाई सडक कार्यदल पारिश्रमिक वापतको रकम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यमा फस्र्योट भएको देखिएन । तर सुत्रको पेश्की वाँकी ( म ले प फा नं २११ ) को विवरणमा नदेखिएकोले उक्त पेश्की फस्र्योट हुनुपर्ने रु. | १,८६८,००० |
| ११७ | | | **पेश्की बाँकी :**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न कार्यक्रममा रु.२,८९,९२,४३०।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्र्योट गर्नुपर्दछ ।<br>(विस्तृत विवरण अनुसुची १ मा उल्लेख छ )<br><br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम**<br>११७.१ \| \| ० | २६,७६६,५६६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११८</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><br><table><tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr><tr><td>२८६५०१</td><td>०</td><td>२८६५०१</td></tr></table></td><td></td></tr>
<tr><td>११९</td><td></td><td></td><td>अद्यावधिक वेरुजुः<br><br>यस पालिकाको २०७८।०७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br><br><table><tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr><tr><td>२८६५०१</td><td>०</td><td>१८३६६५</td><td>०</td><td>४७०१६६</td></tr></table></td><td></td></tr>
</table>